
पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

२०८०




# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Dasaster Preparedness and Response Plan (DPRP)

(पहिलो पटक अद्यावधिक २०८०)




विपद् प्रतिकार्यकालागि सामुदायिक पहल तालिम, पञ्चपुरी नगरपालिका, सुर्खेत




आगो निभाउने उपकरणहरु प्रयोग गरेर आगो निभाउने अभ्यास गर्दै



कृतिम घटना अभ्यासमा सूचना प्रवाह गर्दै



कृतिम घटना अभ्यासमा घाइतेलाई उद्धार



कृतिम घटना अभ्यासमा समितिबाट अनुगमन


पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

२०८०




# विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना

## Dasaster Preparedness and Response Plan (DPRP)

(पहिलो पटक अद्यावधिक २०८०)

**पञ्चपुरी नगरपालिकाको**

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९**

प्रथम अध्यावधि २०८०

Disaster Preparedness and Response Plan


| | |
|---|---|
| दस्तावेज | : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ |
| प्रकाशक | : पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाबियाचौर |
| सहजीकरण | : सुन्दर नेपाल संस्था, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| आर्थिक, प्राविधिक सहयोग | : USAID BHAKARI Project /Mercy Corps Nepal |
| परामर्शदाता | : Environment and Engineering Research Centre (EERC), Kathmandu |
| तयार गरेको वर्ष | : २०८० |
| प्रकाशन मिति | : २०८० |
| सर्वाधिकार | : पञ्चपुरी नगरपालिका, सुर्खेत |
| वेवसाइट | : panchapurimun.gov.np |
| ईमेल | : ito.panchapurimun@gmail.com, info@panchapurimun.gov.np |
| मुद्रण प्रती | : ५० प्रति |
| मुद्रण | : **भवानी छापाखाना (डिजिटल कलर प्रिन्टर्स)**<br>वीरेन्द्रनगर, सुर्खेत (फोन नं.:०८३-५२१६१५) |

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल



# धन्यबाद ज्ञापन

नेपालको संविधान, २०७२ ले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ । यस पञ्चपुरी नगरपालिकाको स्थापना पश्चात स्थानीय सरकारको रूपमा जनताको विकासको तीव्र आकांक्षासँगै पञ्चपुरी नगरपालिकामा पूर्वाधार विकासका साथै अन्य विकास निर्माणका काम भइरहेको छ ।यद्यपि यो नगरपालिका बाढी, भूकम्प, आगलागी, हावाहुरी, महामारी जस्ता बहु-प्रकोपको जोखिममा छ र यस प्रकारका विपद्का घटनाबाट वर्षेनी क्षति हुने गरेको छ । जलवायु परिवर्तनको प्रभाव एवं मानवीय क्रियाकलाप तथा विकास निर्माणका गतिविधिहरूले यस नगरपालिकाको विपद् जोखिम अझ बढाईरहेको हुँदा जोखिम न्यूनीकरण चुनौतीको रूपमा देखा परेको छ ।

पञ्चपुरी नगरपालिकाले बिपद्को प्रभावकारी प्रतिकार्य तथा त्यसको लागि पर्याप्त पूर्वतयारी गर्न प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखाको आधारमा यस नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । यस नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी आफ्नै आन्तरिक श्रोत, विकास साझेदार संस्थाहरूको सहायता तथा निजी एवम् सामाजिक क्षेत्रसँगको साझेदारीमा यस योजनाको कार्यान्वयन गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई सम्बन्धित विषय क्षेत्रगत योजना तथा कार्यक्रमहरूसँग समायोजना र एकिकरण गरी विपद् जोखिम सुसूचित विकासको अभ्यास मार्फत यस नगरपालिकाको उत्थानशीलता विकास गरिनेछ । यस योजनाको कार्यान्वयनबाट विपद् जोखिम न्यूनीकरण गर्दै विपद्का कारण हुने क्षति एवम् नोक्सानी घटाउन नगरपालिकालाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

यस नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको निम्ति आर्थिक, प्राविधिक तथा विज्ञ सहयोगको लागि युएसएड ,मर्सिकोर नेपाल र स्थानीय संस्था सुन्दर नेपाल संस्था भकारी परियोजनाको तर्फबाट उपेन्द्र राज जोशी र गगन खड्का तथा सूचना संकलन, विश्लेषण र विभिन्न चरणको छलफल गरी योजना अध्यावधिकका लागि परामर्शदाताको रूपमा इनभाइरोमेन्ट तथा इन्जिनियरिङ रिसर्च सेन्टरलाई धन्यवाद दिन चाहन्छु । यस योजना तर्जुमाको क्रममा छलफलमा सहभागी भइ आवश्यक सूचना उपलब्ध गराउनुहुने उप-प्रमुख सहित सम्पुर्ण वडाका वडा अध्यक्षहरु एवम् वडा विपद् व्यवस्थापन समितिका सदस्यहरू शाखा प्रमुखहरू तथा स्थानीय सरोकारवालाहरूको योगदान उल्लेखनीय छ । त्यसैगरी नगरपालिकाका सबै विषयगत शाखाका प्रमुखहरू, विपद् व्यवस्थापन सम्पर्क व्यक्ति, सुरक्षा निकाय, नेपाल रेडक्रस तथा स्थानीय विकास साझेदार संस्था लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद,

लालविर भण्डारी
नगर प्रमुख
संयोजक
स्थानीय विपद् व्यबस्थापन समिति पञ्चपुरी नगरपालिका, सुर्खेत

# विषय सूची


**परिच्छेद १: परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य** १

१.१ पृष्ठभूमि १

१.२ योजनाको उद्देश्य १

१.३ योजनाको तयारी तथा अद्यावधिक प्रक्रिया २

१.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता ३

**परिच्छेद २: पञ्चपुरी नगरपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण** ४

२.१ पञ्चपुरी नगरपालिकाको संक्षिप्त परिचय ४

२.१.१ भौगोलिक एवं प्रशासनिक अवस्थिति ४

२.१.२ जनसाङ्ख्यिक विवरण ४

२.१.३ हावापानीको तथा भूउपयोग ५

२.२.४ ऐतिहासिक समयरेखा ६

२.२.५ गाउँपलिकाको प्रमुख प्रकोप एवं प्रकोप स्तरीकरण ६

२.३ नगरपालिकाको सामाजिक सङ्कटासन्नता विश्लेषण ७

२.४ प्रकोप संकटासन्नता एवं जोखिम विश्लेषण ७

२.५ सम्भावित प्रकोप क्षेत्र एवं विपद् जोखिम आकलन ८

२.६ पूर्वसूचना प्रणाली ९

२.७ नगरपालिकाको कानूनी, नीतिगत तथा संस्थागत क्षमता विष्लेषण ९

२.८ विषयगत क्षेत्रहरूको गठन तथा कार्य जिम्मेवारी १०

२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र ११

२.८.२ खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्र १२

२.८.३ स्वास्थ्य खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन विषयगत क्षेत्र १२

२.८.४ आपत्कालीन आश्रयस्थल तथा गैर खाद्य सामग्री र बन्दोबस्ती विषयगत क्षेत्र १३

२.८.५ आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र १३

२.८.६ आपत्कालीन शिक्षा विषयगत क्षेत्र १३

२.८.७ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र १४

**परिच्छेद तीन : पूर्वतयारी तथा प्रतिकार्य योजना** १५
३.१ सामान्य पूर्वतयारी योजना १५
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना २२
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना २६
**परिच्छेद चार: बन्दोबस्तीका सामग्रीको उपलब्धता तथा आवश्यकता लेखाजोखा** ३४
४.१ स्रोत साधनको विद्यमान उपलब्धता र आवश्यकता ३४
४.२ विपद प्रतिकार्यका लागि दक्ष जनशक्ति ३७
४.३ क्षमता विकास रणनीति र योजना ३७
**परिच्छेद पाँच: कार्यान्वयन अनुगमन तथा सिकाई योजना** ३७
५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति ३८
५.२ अन्य निकायहरूसँगको समन्वय र सहकार्य ३९
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ३९
**सन्दर्भ सामग्रीहरु** ४३
**अनुसूचीहरू**
अनुसूची १ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ४४
अनुसूची २ : निर्वाचित जनप्रतिनिधिको सम्पर्क ४५
अनुसूची ३ : विषयगत क्षेत्रको विवरण ४६
अनुसूची ४ : सामुदायिक विपद् व्यवस्थापन समितिमा रहेका खोज उद्दार सामग्री विवरण ४९

परिच्छेद-१

# परिचय, योजनाको पृष्ठभूमि र उदेश्य

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्का कारणले हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रूपमा घटाउने, कृषि उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना तथा स्वास्थ्य, संरक्षण र शिक्षाका पूर्वाधार तथा सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दिगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो ।

तीनवटै तहका सरकारको अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) र स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा प्रवन्ध गरिए बमोजिम स्थानीय तहको विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धमा तोकिएको काम कर्तव्य र अधिकार एवम् पञ्चपुरी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ ले प्रवन्ध गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी स्थानीय तहको काम कर्तब्य र अधिकार एवं विपद् जोखिम न्यूनीकरण तथा व्वस्थापन राष्ट्रिय नीति, २०७५ तथा रणनीतिक कार्ययोजना, २०१८ -२०३० को लक्ष्य र मार्गदर्शन तथा नीतिगत र कानूनी आधार एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन २०७६ ले तय गरेको विधि र प्रकृया बमोजिम यस नगरपालिकाको विपद् प्रतिकार्यलाई चुस्त तथा प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न यस पञ्चपुरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।

यस पञ्चपुरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पाँचवटा परिच्छेदमा तयार गरिएको छ । **पहिलो परिच्छेद** योजनाको पृष्ठभूमि एवं परिचयको खण्ड हो । यस खण्डमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमि, उद्देश्य, योजना तर्जुमा प्रक्रिया एवं योजना निर्माण र कार्यान्वयनका आधारभूत मान्यता राखिएको छ। **दोस्रो परिच्छेद** विपद् जोखिम तथा क्षमता विश्लेषणको खण्ड हो। यस खण्डमा नगरपालिकाको संक्षिप्त परिचय, विपद् जोखिमको अवस्था, प्रमुख प्राथमिकतामा रहेका प्रकोपहरू, विपद् जोखिम आँकलन, नगरपालिकाको नीतिगत एवं संस्थागत क्षमता विश्लेषण र विषयगत क्षेत्रको गठन र कार्य जिम्मेवारी राखिएको छ।**परिच्छेद तीन** विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्य योजनाको खण्ड हो। यसमा सबै विषयगत क्षेत्रको सामान्य पूर्वतयारी तथा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्ययोजनाका गतिविधिहरू राखिएको छ भने विषयगत क्षेत्रको प्रतिकार्य योजना (कार्यविधि) पनि समेटिएको छ। यसैगरी **परिच्छेद चारमा** विपद् प्रतिकार्यका लागि बन्दोबस्तीका सामग्रीहरूको उपलब्धता र आवश्यकताको लेखाजोखा गरी क्षमता विकासको कार्ययोजना तयार गरिएको छ। **परिच्छेद पाँच** योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन र परिमार्जनको खण्ड हो। यसमा योजना कार्यान्वयन रणनीति, अन्य निकायहरूसँगको समन्वय र सहकार्य एवं अनुगमन तथा मूल्याङ्कन समिति र अनुगमन तथा मूल्याङ्कनका सूचकहरू राखिएको छ।

## १.२ योजनाको उद्देश्य

विपद् एवम् महामारीको समयमा प्रभावितहरूको जीवन रक्षा, सम्पत्ति तथा जनधनको सुरक्षा र संरक्षण गरी मानवीय संकटको सामना तथा प्रभावकारी प्रतिकार्य गर्न स्थानीय स्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई उचित मानवीय सहायता सुनिश्चित गर्नु र प्रकोपको रोकथाम तथा विपद् जोखिम न्यूनीकरणका लागि

नगरपालिकाको स्रोत साधन एवम् क्षमता वृद्धि गर्दै विपद् जोखिम व्यवस्थापन पद्धति, संरचना र प्रक्रियालाई प्रभावकारी र जवाफदेहीपूर्ण ढंगले परिचालन एवम् कार्यान्वयन गरी पञ्चपुरी नगरपालिकालाई उत्थानशील तथा सुरक्षित गाउँको रूपमा विकास गर्न मद्दत गर्नु यस योजनाको प्रमुख उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क) पञ्चपुरी नगरपालिकामा विपद्बाट हुनसक्ने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु ।

ख) पञ्चपुरी नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई व्यवस्थित र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु ।

ग) विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय साधन स्रोतको अधिकतम परिचालन गर्नु ।

घ) विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च घटाउनु ।

ङ) विभिन्न सरोकारवाला निकायहरू तथा संस्थाहरूसँगको समन्वय र सहकार्यमा नगरपालिकाको विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्नु ।

च) विषयगत क्षेत्रका आधारमा पञ्चपुरी नगरपालिकाको विपद् न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउँदै क्षेत्रगत तथा नियमित विकास कार्यक्रम मार्फत विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गर्दै निरन्तरता दिनु ।

## १.३ योजनाको तयारी तथा अद्यावधिक प्रक्रिया

पञ्चपुरी नगरपालिकाको गाउँपालिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन, २०७६ ले तय गरेको प्रकिया बमोजिम प्रथम पटक २०७९ मा तर्जुमा गरिएको थियो । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमा समीक्षा गरी पुनरावलोकन गर्नुपर्ने मार्गदर्शनको व्यवस्था तथा आवश्यकता बमोजिम समीक्षा गरी पुनरावलोकन गरियो ।

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सुन्दर नेपाल संस्था, सुर्खेतको स्थानीय समन्वय तथा USAID/BHAKARI परियोजनाको आर्थिक तथा प्राविधिक सहयोग रहेको छ ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया**

१. प्रारम्भिक छलफल र विषयगत क्षेत्रको पहिचान

२. नगरपालिकाको संकटासन्नता तथा क्षमता लेखाजोखा

३. योजना तर्जुमा बैठक तथा कार्यशाला

४. योजनाको प्रारम्भिक मस्यौदा तयारी

५. सरोकारवालाहरूको बैठक र योजना परिक्षण

६. अन्तिम मस्यौदा तयारी र स्वीकृति

**पञ्चपुरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावाधिक प्रक्रिया**

| क्र.सं. | मिति | क्रियाकलाप | उद्देश्य |
|---|---|---|---|
| १ | २०७९/१२/२५ | प्रारम्भिक छलफल | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यवधिक गर्ने<br>विगतका अनुभव तथा सिकाईको छलफल<br>मुख्य चुनौती तथा योजनामा सम्बोधन गरिनुपर्ने विपयवस्तुको पहिचान |
| २ | २०८०/०१/११ | बिषयगत क्षेत्रको कार्यशाला | सरोकारवाला निकायहरूको पहिचान<br>आवश्यकताको लेखाजोखा |

| | | | |
|---|---|---|---|
| | | | सम्बन्धित विषयगत क्षेत्रका पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरू पहिचान<br>विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको शंसोधित मस्यौदामाथि छलफल र पृष्ठपोषण |
| ३ | २०८०/०२/३० | योजनाको परिक्षण (कृतिम घटना अभ्यास) | प्रस्ताव गरिएका मुख्य क्रियाकलापहरु उपयुक्त भए नभएको र त्यस्तो क्रियाकलाप कार्यान्वयन गर्ने क्षमता पञ्चपुरी नगरपालिका तहमा उपलब्ध भए नभएको परिक्षण र पृष्ठपोषण |
| ४ | २०८०/०३/०३ | अन्तिम मस्यौदा तयारी | योजनाको परिक्षणका आधारमा पृष्ठपोषण र सुझाव समेतलाई समेटेर योजनाको अन्तिम मस्यौदा तयार |

## १.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता

क) नगरपालिका क्षेत्रमा गरिने विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका सबै गतिविधिहरू नगरपालिकाको नेतृत्वमा हुनेछन् ।

ख) विपद् प्रतिकार्य तथा पूर्वतयारी कार्यमा कहीँ कतै रिक्तता हुन नदिन र सन्तुलित कार्यान्वयनको लागि सात वटा विषयगत क्षेत्र (Cluster) को प्रवन्ध गरिएको छ । विषयगत क्षेत्रका आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य गतिविधिहरू निर्धारण गरिएको छ । यस नगरपालिकामा कार्यरत सबै सरोकारवाला निकायहरू तथा संघसंस्थाहरूले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरूमा सहयोग गर्नेछन् ।

ग) विपद् पूर्वतयारीको काम, विपद् प्रतिकार्य एवं मानवीय सहायताका लागि गरिने सहयोग एकद्वार नीति बमोजिम नगरपालिकाको स्वीकृत प्रक्रिया एवं मापदण्ड अनुसार हुनेछ ।

घ) विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम विषयगत क्षेत्रको समन्वय तथा नगरपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सूचना व्यवस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकीकृत पद्धति अनुरूप हुनेछ ।

ङ) समुदाय, सामाजिक संस्था तथा सरकारी निकायहरूको विपद् प्रतिकार्य क्षमता विकास गरी नगरपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।

च) विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।

छ) विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि तथा मानवीय सहायताका कार्यहरू सुशासनको मान्यता अनुरूप पारदर्शी, सहभागितामूलक र समावेशी हुनेछन् ।

ज) विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका गतिविधिहरू मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा आधारित हुनेछन् ।

झ) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा समग्र विपद् व्यवस्थापनमा उपलब्ध स्थानीय श्रोत तथा जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।

ञ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यहरूलाई क्षेत्रगत विकासका नियमित गतिविधिहरूसँग एकीकृत गरी विकासमा मूल प्रवाहीकरण गर्दै नगरपालिकाको उत्थानशीलता विकासमा सहयोग पुग्नेछ ।

परिच्छेद-२

# पञ्चपुरी नगरपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण

## २.१ पञ्चपुरी नगरपालिकाको संक्षिप्त परिचय

सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर देखि पश्चिम क्षेत्रमा अवस्थित पञ्चपुरी नगरपालिका साविकका सालकोट, बाबियाचौर, छाप्रे, विधापुर र तातोपानि गा.वि.स. समेटेर बनेको छ । यस नगरपालिकालाई ११ वटा वडामा विभाजन गरीएको छ र यस नगरपालिकाको केन्द्र वडा नं ५ बाबियाचौरमा अवस्थित छ ।

### *२.१.१ भौगोलिक एवं प्रशासनिक अवस्थिति*

तालिका १: पञ्चपुरी नगरपालिकाको राजनीतिक एवं प्रशासनिक विवरण

| भौगोलिक अवस्थिति | | राजनैतिक तथा प्रशासनिक अवस्थिति | |
|---|---|---|---|
| **पुर्व** | बराहताल | **प्रदेश** | कर्णाली |
| **पश्चिम** | चौकुने गाउँपालिका | **जिल्ला** | सुर्खेत |
| **उत्तर** | दैलेख जिल्ला | **नगरपालिका केन्द्र** | बाबियाचौर |
| **दक्षिण** | कैलाली र बर्दिया जिल्ला | **वडाहरु** | ११ |
| **क्षेत्रफल** | ३२९.०९ वर्ग कि.मि. | **साविकका गाविसहरु** | सालकोट,छाप्रे, बाबियाचौर, बिद्यापुर र तातोपानी गा.बि.स. |
| **उचाई** | १९८-२१०० मिटर | | |

### *२.१.२ जनसाङ्ख्यिक विवरण*

राष्ट्रिय जनगणना २०७८ अनुसार पञ्चपुरी नगरपालिकाका ७,८०३ घरधुरीमा कुल ३५,८३९ जनसंख्या रहेका छन् । कुल जनसंख्या मध्ये पुरुषको संख्या १७२३० र महिलाको संख्या १८६०९ रहेको छ ।


| **वडा** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | १०७९ | १४६२ | १७७५ | १३९६ | १७९६ | २०१३ | १५६३ | १७२६ | १६५८ | १५१२ | १२५० | १७२३० |
| **महिला** | ११४२ | १६९४ | १९७९ | १५०६ | १८३९ | २१३५ | १६०७ | १८९९ | १७९८ | १५८६ | १४२४ | १८६०९ |
| **जम्मा** | **२२२१** | **३१५६** | **३७५४** | **२९०२** | **३६३५** | **४१४८** | **३१७०** | **३६२५** | **३४५६** | **३०९८** | **२६७४** | **३५८३९** |

तालिका २: पञ्चपुरी नगरपालिकाको वडागत जनसङ्ख्या विवरण ( राष्ट्रिय जनगणना २०७८)

## *२.१.३ हावापानीको तथा भूउपयोग*

| हावापानी | उष्ण र समशितोष्ण प्रकारको हावापानी |
|---|---|
| वार्षिक औसत वर्षा | १,५५० मि.मि. |
| तापक्रम अधिकतम (औसत) | २७.८९ डिग्री सेल्सियस |
| तापक्रम न्यूनतम (औसत) | १५.३४ डिग्री सेल्सियस |

यो नगरपालिका महाभारत/चुरे क्षेत्रको (भित्रि मधेश) भिरालो भूभागमा अवस्थित छ। यस नगरपालिकाको हावापानी उष्ण र समशितोष्ण रहेको छ। सुर्खेत जिल्लामा मौसमी तथ्यांक नाप्ने र रेकर्ड गर्ने मौसम मापन केन्द्रहरु (स्टेसन) मध्य जामु स्थित मौसम मापन केन्द्र नं ४०३ यस क्षेत्रबाट सबैभन्दा नजिक रहेकाले यस स्टेसनको (वर्षातको) तथ्यांक विवरणको विश्लेषण गरिएको छ भने तापक्रमको विश्लेषणको निम्ति मौसम मापन केन्द्र बस्ती ( ४०६ नं ) को मौसमि विवरणको विश्लेषण गरीएको छ ।




**चित्र १: पञ्चपुरी नगरपालिकाको भूउपयोग नक्शा**

यस नगरपालिकाको भूउपयोगको विवरण अनुसार वन क्षेत्रले सबै भन्दा बढी क्षेत्रफल (७६) ओगटेको देखिन्छ भने सबै भन्दा कम घाँसे (०.०२ प्रतिशत) रहेको छ भने १.८३ प्रतिशत जमिन कृषिको लागि उपयोग गरिएको छ । यस नगरपालिकाको भूउपयोगको विस्तृत विवरण चित्र नं १ र तालिका नं ३ मा देखाईएको छ ।

**तालिका ३: पञ्चपुरी नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण**

| **क्र.स.** | **भूउपयोगको प्रकार** | **क्षेत्रफल हेक्टर** | **प्रतिशत** |
|---|---|---|---|
| १ | जल क्षेत्र | ५६७.५७ | १.७२ |
| २ | बाँझो क्षेत्र | २०८.७४ | ०.६३ |
| ३ | बस्ती क्षेत्र | २८८.११ | ०.८८ |
| ४ | घाँसे मैदान | ५.४६ | ०.०२ |
| ५ | अन्य रुख भएको क्षेत्र | ४०४६.१९ | १५.३३ |
| ६ | कृषि क्षेत्र | १६६३.४५ | ५.०५ |
| ७ | वन क्षेत्र | २५,२३८.७८ | ७६.३७ |
| | **जम्मा** | | १०० |

### २.१.४ ऐतिहासिक समयरेखा

विपद्का दृष्टिले यो नगरपालिका निकैनै सम्बेदनशील रहेको छ । यहाँ मुख्यगरी बाढी, पहिरो, वन्यजन्तु आक्रमण, आगलागी, खडेरी, हावाहुरी जस्ता प्रकोपले वर्षेनि दुःख दिने गरेको छ यस नगरपालिकामा विगतमा विभिन्न समयमा घटेका विपद्का घटना र यसबाट भएको क्षतिको विवरण तालिका ५ मा दिइएको छ ।

| प्रकोप | मिति (सन्) | वडा | क्षति भएको संरचना | मानविय मृत्यु | घाईते | आर्थिक क्षति |
|---|---|---|---|---|---|---|
| चटयांग | २०२२/०७/०५ | ७ | | १ | १ | ० |
| पहिरो | २०२२/०७/०५ | ७ | | १ | १ | ० |
| आगलागी | २०२२/०४/२९ | ९ | | ० | ० | ० |
| आगलागी | २०२१/१२/१३ | ९ | | ० | ० | १५०००० |
| आगलागी | २०२१/०४/१९ | ९ | | ० | ० | ० |
| आगलागी | २०२१/०४/०६ | ५ | | ० | ० | ० |
| आगलागी | २०२१/०३/३० | ४ | २ | ० | ० | ४५०००० |
| आगलागी | २०२०/०८/२७ | ५ | २ | ० | ० | १०००००० |
| चटयांग | २०२२/०७/०५ | ७ | | १ | १ | ० |
| पहिरो | २०२२/०७/०५ | ७ | | १ | १ | ० |
| आगलागी | २०२२/०४/२९ | ९ | | ० | ० | ० |
| आगलागी | २०२१/१२/१३ | ९ | | ० | ० | १५०००० |
| आगलागी | २०२१/०४/१९ | ९ | | ० | ० | ० |
| आगलागी | २०२१/०४/०६ | ५ | | ० | ० | ० |
| आगलागी | २०२१/०३/३० | ४ | २ | ० | ० | ४५०००० |
| आगलागी | २०२०/०८/२७ | ५ | १ | ० | ० | १००००००० |
| जम्मा | | | ७ | ४ | ४ | ३२,००,००० |

तालिका ५: पञ्चपुरी नगरपालिकामा विगतमा भएका विपद्का घटनाहरु

### २.१.५ गाउँपलिकाको प्रमुख प्रकोप एवं प्रकोप स्तरीकरण

| स्तर | प्रकोप |
|---|---|
| १ | भूकम्प |
| २ | बाढी |
| ३ | पहिरो |
| ४ | हावाहुरी |
| ५ | आगलागी |
| ६ | महामारी |
| ७ | जङ्गली जनावर आतंक |

यस नगरपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा बाढी, पहिरो, खडेरी, आगलागी, हावाहुरी, जङ्गली जनावर, आदि पर्दछन् । नगरपालिकाले विपद् जोखिम प्रोफाइल नभएको र पालिका क्षेत्र भित्र पछिल्लो दशकमा घटेका विपद्को घटनाको तथ्यांक पूर्ण रूपमा उपलब्ध नभएकाले नगरपालिका स्तरमा गरिएको छलफल, गृह मन्त्रालयको विपद पोर्टलमा उपलब्ध भएका तथ्यांक तथा भकारी परियोजनाले संकटसन्न वडा तथा समुदायमा तयार गरेको एकीकृत सामुदायिक योजनामा समेटिएका तथ्यांक तथा सूचनाहरुको आधारमा रहेर पालिकाको प्रकोप स्तरीकरण गरिएको छ । यस क्षेत्रमा भूकम्पीय घटनाको विगतको असर नदेखिएतापनि सिंगो नेपाल नै भूकम्पको उच्च जोखिममा रहेकोले यस नगरपालिकाको प्रकोप स्तरीकरण गर्दा पनि भूकम्पलाई अन्य प्रकोपहरूसँग तुलना नगरी प्रमुख प्रकोपको रूपमा लिएको छ ।

## २.३ नगरपालिकाको सामाजिक सङ्कटासन्नता विश्लेषण

एउटै विपद्को घटनाबाट पनि फरक सामाजिक समूह र उमेर समूहका मानिसलाई फरक किसिमले प्रभाव तथा असर पर्दछ । अपाङ्गता भएका व्यक्तिहरू, बालबालिकाहरू, बृद्धबृद्धाहरू, दीर्घरोगी, गर्भवती र शिशुलाई दुध खुवाउँदै गरेका आमाहरु तथा किशोरीहरु अन्यको तुलनामा विपद्को उच्च जोखिममा हुने गर्दछन् । २०७२ सालको भूकम्पमा मृत्यु भएको जनसङ्ख्याको ४५ प्रतिशत पुरूष र ५५ प्रतिशत महिलाको सङ्ख्या हुनुले पनि यसलाई पुष्टि गर्दछ ।

तालिका ६: संवेदनशील एवम् जोखिममा रहेको समूहको जनसङ्ख्या

| जोखिममा रहेको समूह | ५ वर्ष मुनिको जनसङ्ख्या | १० वर्ष मुनिको जनसङ्ख्या | महिलाको जनसङ्ख्या | ६५ वर्ष माथिको जनसङ्ख्या | अपाङ्गता भएको जनसङ्ख्या |
|---|---|---|---|---|---|
| **जनसङ्ख्या** | ३,५४५ | ३,९१६ | १८,६०९ | २,०१९ | १,३७५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, बालबालिका, किशोरी, गर्भवती तथा दुध खुवाउने आमा उमेर वा स्वास्थ्य एवम् शारिरिक संवेदनशीलताका कारण विपद् एवं महामारीजन्य प्रकोपको बढी जोखिममा हुन्छन् । विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सञ्चालन र मानवीय सहायताका लागि काम गर्दा यस प्रकारका जोखिममा रहेका समुहहरूको फरक आवश्यकता र उनीहरुको संरक्षणलाई प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्दछ । अहिले सामाजिक रूपमा पछाडि पारिएका तथा संरक्षण आवश्यक पर्ने नागरिकहरूलाई राज्यबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने गर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समूह विपद्को हिसावले पनि सबैभन्दा उच्च जोखिममा रहेको समूह हो । यो समूह सामाजिक सुरक्षा भत्ता प्रयोजनको लागि बैंकिङ प्रणालीमा पनि आवद्ध भएको हुन्छ । त्यसकारण विपद् उत्तरदायी सामाजिक सुरक्षा (Shock Responsive Social Protection – SRSP) को अवधारणा अनुसार विपद्पछि विपद् प्रभावितहरुलाई नगद सहायता उपलब्ध गराउन सामाजिक सुरक्षा भत्ताको पद्धति र प्रक्रियालाई विपद् पूर्तयारी तथा प्रतिकर्य योजनासँग एकीकृत गरी नगद सहायताको लागि तयार गर्नु पर्दछ ।

## २.४ प्रकोप संकटासन्नता एवं जोखिम विश्लेषण

यस पञ्चपुरी नगरपालिकाका विभिन्न स्थानमा घटेका विपद्का घटना र त्यसको असर साथै स्थानीय निकायको मौजुदा अवस्था, श्रोत साधन र जनशक्ति सबैलाई आधार मान्ने हो भने यो पालिका बाढी/पहिरो, वन्यजन्तु आक्रमण, आगलागी, महामारी, खडेरी, तथा हावाहुरी जस्ता बहुप्रकोपको उच्च जोखिममा छ । तसर्थ यस नगरपालिकाले सम्भाभित प्रकोपको आकलनलाई निरन्तर पुनरावलोकन गर्दै योजना निर्माण तथा लागु गर्न ध्यान दिनु आवश्यक छ ।

तालिका ७: पञ्चपुरी नगरपालिकाको सम्भाव्य प्रकोप जोखिम विश्लेषण

| प्रकोप | संकटासन्नता | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|
| **भूकम्प** | • भवन तथा भौतिक पूर्वाधारका संरचनाहरू कमजोर रहेको ( २.९ % घर मात्र आर.सि.सि. संरचना)<br>• धेरै जन सङ्ख्याको अर्धपक्की एवं कच्ची घरमा बसोबास रहेको ( ढुंगा माटो-५३.२%, सिमेन्ट ढुंगा/इँटा-९.४%, काठ वा बाँसको पिल्लर भएको-३४.१% तथा अन्य-०.३%)<br>• वृद्धवृद्धा, बालबालिका, अपांगता भएको जन सङ्ख्या | उच्च | न्युन | उच्च | उच्च |

| | | | | | |
|---|---|---|---|---|---|
| **पहिरो/बाढी** | • चुरेको भिरालो जमिन तथा मौसमी खोला खोल्सी<br>• चुरेको कमजोर भूभागमा बसेको बस्ती<br>• वर्षातमा आएको परिवर्तन<br>• बाटो निर्माणले बढाएको जोखिम<br>• वृद्धवृद्धा बालबालिका अपांगता भएको जनसङ्ख्या | उच्च | उच्च | उच्च | उच्च |
| **वन्यजन्तु आक्रमण** | • सामुदायिक वनमा तथा बर्दिया राष्ट्रिय निकुन्ज वन्यजन्तुको नजिकको वस्ती हुनु<br>• कमजोर संरचना | उच्च | उच्च | मध्यम | उच्च |
| **आगलागी** | • संरचनागत जोखिम तथा लापरवाही<br>• बढ्दै गएको सुख्खा मौसम<br>• सामाजिक आर्थिक संकटासन्नता<br>• जनचेतनाको कमजोर अवस्था | उच्च | मध्यम | मध्यम | मध्यम |
| **कोभिड-१९ तथा अन्य महामारी** | • संक्रमण दर उच्च रहेको<br>• कमजोर स्वास्थ्य पूर्वाधार र तयारी<br>• सावधानीका उपायहरूको कमजोर पालना<br>• कमजोर जनचेतनाको स्तर<br>• सामाजिक आर्थिक संकटासन्नता<br>• उच्च जोखिम समूहमा रहेको जन सङ्ख्या | उच्च | उच्च | मध्यम | उच्च |
| **खडेरी** | • जलवायुमा आएको परिवर्तन<br>• कमजोर सामाजिक आर्थिक अवस्था<br>• सिंचाईको कम पहुँच | मध्यम | मध्यम | मध्यम | मध्यम |
| **हावाहुरी** | • जलवायुमा आएको परिवर्तन<br>• कमजोर सामाजिक आर्थिक अवस्था<br>• कमजोर घर तथा भवनहरू<br>• जनचेतनाको स्तर | मध्यम | मध्यम | उच्च | मध्यम |

*स्रोत: नगरपालिकाको प्रकोप सङ्कटासन्नता तथा जोखिम लेखाजोखा, २०७९*

## २.५ सम्भावित प्रकोप क्षेत्र एवं विपद् जोखिम आकलन

नगरपालिकाको बहुप्रकोपको अवस्थालाई हेर्दा भूकम्प, पहिरो, बाढी, आगलागी, हावाहुरी जस्ता प्रकोपको जोखिम देखिन्छ । नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्रत्येक वर्ष दोहोरिरहने पहिरो र बाढी लगायतका प्रकोपबाट बर्षेनी कम्तिमा ५० भन्दा धेरै घरधुरीलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिएको छ । अन्य आगलागी, हुरीबतास लगायतको प्रभाव यो भन्दा थोरै छ । तर नेपालको पश्चिमी क्षेत्रमा नै ठूलो भूकम्प जान सक्ने अनुमान गरिएको अवस्थामा भूकम्पको प्रभाव यो भन्दा धेरै व्यापक हुनसक्छ, भने कोभिडजस्ता महामारीजन्य विपद्को प्रभाव अझ धेरै विस्तार हुनसक्ने देखिन्छ । विपद्बाट यस नगरपालिकाको १०० घरधुरी प्रभावित हुनसक्ने आकलनको आधारमा यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । बहु प्रकोपको जोखिममा रहेकोले भूकम्प, बाढी र पहिरो जस्ता बहुप्रकोप सँगै भएको खण्डमा यसको प्रभाव र यसबाट हुने क्षति भयावह हुनसक्छ । यसकारण पूर्वतयारी योजना तयार गर्दा यो परिदृष्यलाई ख्याल गरिएको छ भने प्रतिकार्यका क्रममा उक्त संवेदनशील समूहमा रहेको जनसङ्ख्यालाई प्राथमिकतामा राखेर उनीहरूको विशेष आवश्यकता र संरक्षणको प्रवन्ध गर्नुपर्दछ र विषयगत क्षेत्रको पूर्वतयारी पनि यसै अनुरुप गर्नुपर्दछ ।

## २.६ पूर्वसूचना प्रणाली

यस नगरपालिकामा बाढीको पूर्वसूचना प्रणाली (भेरी नदिमा) स्थापना गरिएको छ भने अन्य पहिरो, आगलागी, महामारी आदिको पूर्वसूचना प्रणाली छैन । स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र संचालनमा रहेको छ ।

## २.७ नगरपालिकाको कानूनी, नीतिगत तथा संस्थागत क्षमता विश्लेषण

विपद्को प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू सञ्चालन गर्न आवश्यक पर्ने संस्था तथा संरचना नीति, कानून, योजना; पूर्व सूचना तथा विपद् सूचना व्यवस्थापन; पूर्वाधार, भौतिक श्रोत साधन; प्राकृतिक श्रोत; सामाजिक श्रोत; आर्थिक श्रोत र मानवीय श्रोतको विद्यमान अवस्थाको लेखाजोखा र नगरपालिकाको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि यी सातवटै क्षेत्रमा गर्नुपर्ने आवश्यकताको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

तालिका ९: पञ्चपुरी नगरपालिकाको विपद् व्यवस्थापन नीतिगत तथा संस्थागत क्षमता विश्लेषण

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| **कानून, नीति, योजना** | • नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तयार भएको<br>• स्थानीय विपद् कोष सञ्चालन कार्यविधि तयार भएको<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति रणनीति र कार्ययोजना नबनेको<br>• नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधि गर्ने क्रममा | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति र कार्ययोजना बनाउनुपर्ने<br>• जोखिम सूचूचित क्षेत्रगत विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने<br>• विस्तृत रूपमा नगरपालिकाको प्रकोप क्षमता तथा सङ्कटासन्नता लेखाजोखा गर्नुपर्ने<br>• नगरपालिकाको बहुप्रकोप जोखिम विश्लेषण तयार गर्नु पर्ने<br>• नगरपालिकाले खुला स्थानहरु पहिचान गरी नक्सांकन गरेर राख्नु पर्ने<br>• नगरपालिकाले भूउयोग नक्सा निर्माण गरी जमिनको वर्गीकरण गरेर विकास निर्माणको कार्य गर्नु पर्ने |
| **संस्था तथा संरचना** | • स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको<br>• वडा स्तरीय तथा समुदाय स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको<br>• विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोकिएको<br>• स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन भएको | • नगरपालिका स्तरमा खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यदल गठन गर्नुपर्ने<br>• वडा तहमा विपद् तथा जलवायु सूचना केन्द्र स्थापना गर्नुपर्ने |
| **सूचना व्यवस्थापन तथा पूर्व सूचना प्रणाली** | • नगरपालिकाको विपद् सूचना र अन्य सूचना समेत व्यवस्थित रूपमा नराखिएको<br>• संघीय सरकारले सञ्चालन गरेको विपद् व्यवस्थापन प्रणाली विपद् पोर्टल (bipadportal) लाई स्थानीयकरण गरी गर्नुपर्ने | • संघीय सरकारले सञ्चालन गरेको विपद् व्यवस्थापन प्रणाली विपद् पोर्टल (bipadportal) लाई स्थानीयकरण गर्ने क्रममा रहेको |

| | | |
|---|---|---|
| **पूर्वाधार तथा भौतिक श्रोत साधन** | • नगरपालिकामा सडक पुगेको तर वर्षातको समयमा सञ्चालन गर्न अफ्टयारो<br>• सोलार -६४.३% र ३१.३% जल विद्युत<br>• ८१.१ घरधुरीमा पाइपलाइनद्वारा खानेपानी पुगेको<br>• ५ % घरधुरीमा सरसफाइ सुविधा नपुगेको | • आपत्कालीन आश्रयस्थल बनाउन सकिने सामुदायिक भवन तथा खुला ठाउँमा सडक खानेपानी र सरसफाइ पूर्वाधार निर्माण गर्नुपर्ने<br>• सबै वडामा आपत्कालीन प्रयोजनका लागि खुला क्षेत्रको पहिचान र पहिचान गरिएका ठाउँहरूमा आवश्यक पूर्वाधार तयार गर्नुपर्ने<br>• सबै वडामा आपत्कालीन प्रयोजनका लागि एक एक वटा हेलिप्याड निर्माण गर्नुपर्ने<br>• स्वास्थ्य संस्था तथा विद्यालयहरूलाई क्रमश विपद् जोखिमबाट सुरक्षित बनाउँदै जानुपर्ने<br>• प्रत्येक वडामा सामान्य खोज उद्धारका सामग्रीहरूको सेट तयारी राखुपर्ने |
| **आर्थिक श्रोत** | • बैंक - २<br>•<br>• विपद् कोष - नगरपालिका स्तरमा स्थापना गरिएको | • नीति तथा प्रक्रिया तय गरी आर्थिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने र श्रोत परिचालन गर्नुपर्ने<br>• सहकारी संस्था तथा बचत समूहले आफ्ना सदस्यहरूका लागि आपत्कालीन सहायता कोषको प्रवन्ध गर्नुपर्ने<br>• बीमा कम्पनीहरूसँग समन्वय गरी विपद् बीमाको शुरूवात तथा प्रवर्धन गर्नुपर्ने |
| **मानवीय श्रोत** | • स्वस्थ्यकर्मी ( डाक्टर - ०, नर्सिंग स्टाफ - १०, जनस्वास्थ्य अधिकृत - जना, ल्याब टेक्निसियन-१ अहेब,हेल्थ असिस्टेन्ट-१८)<br>• विपद् फोकल पर्सन -१ | • नगरपालिकामा रहेको जनशक्तिलाई संगठित रूपमा विपद् प्रतिकार्य र पूर्वतयारीमा परिचालनको लागि तयारी गर्नुपर्ने<br>• भूकम्प प्रतिरोधी घर बनाउन सक्ने जनशक्तिलाई संगठित गरी क्षमता अभिवृद्धि गर्ने<br>• वडा तहमा विपद् प्रतिकार्य टोली तयार गरी तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्नुपर्ने<br>• वडा तहमा स्वास्थ्य संस्थासँग समन्वय गरी प्राथमिक उपचार टोली तयार गर्नुपर्ने<br>• विपद् लेखाजोखा गर्नसक्ने जनशक्ति वडा तहमा तयार गर्ने |

*स्रोत: नगरपालिकाको प्रकोप सङ्कटासन्नता तथा जोखिम लेखाजोखा, २०७९*

## २.८ विषयगत क्षेत्रहरूको गठन तथा कार्य जिम्मेवारी

सरकारी, सार्वजनिक तथा नीजि क्षेत्रको स्रोत साधन तथा सम्बन्धित क्षेत्रको विज्ञतालाई समेत समन्वयात्मक रूपमा परिचालन गरी विपद् प्रतिकार्य तथा पूर्वतयारीलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय स्तरमा विषयगत क्षेत्र (Cluster) को अभ्यास हुँदै आएको छ । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ ले पनि विपद् प्रतिकार्यका लागि ११ वटा केन्द्रीय विषयगत क्षेत्र (Central Cluster) निर्धारण गरेको छ । यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ -२०३० ले राखेको संघ, प्रदेश र स्थानीय तहसम्म क्षेत्रगत कार्य समूहको अवधारणा (Cluster Approach) को आधारमा विपद् प्रतिकार्य र पूर्वतयारीलाई प्रभावकारी बनाउने रणनीति क्रियाकलाप राखेको छ । यस सन्दर्भमा

पञ्चपुरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि स्थानीय आवश्यकता र नगरपालिकाको संस्थागत संरचना अनुसार सातवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । उक्त विषयगत क्षेत्रको गठन र कार्य जिम्मेवारी देहाय बमोजिम रहको छ ।

तालिका १०: आपत्कालीन विषयगत क्षेत्र र नेतृत्व

| क्रसं | विषयगत क्षेत्र | नेतृत्व |
|---|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | अध्यक्ष - गाउँ विपद् व्यवस्थापन समिति |
| २ | खाद्य, कृषि तथा जीविकोपार्जन | संयोजक - कृषि विकास समिति |
| ३ | स्वास्थ्य खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन | संयोजक - सामाजिक विकास समिति |
| ४ | आपत्कालीन आश्रयस्थल, गैर खाद्य सामग्री तथा बन्दोबस्ती | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ५ | आपत्कालीन संरक्षण तथा सुरक्षा | संयोजक - सामाजिक विकास समिति |
| ६ | आपत्कालीन शिक्षा | संयोजक - सामाजिक विकास समिति |
| ७ | शीघ्र पुनर्लाभ | संयोजक - पूर्वाधार विकास समिति |

### *२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार विषयगत क्षेत्र*

नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ तत्काल प्रतिकार्यमा जुटेर मानवीय जीवन रक्षा तथा सम्पत्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व नगरपालिका अध्यक्षले गर्नुपर्दछ । विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै नगरपालिका मातहतका स्रोत साधन र सबै संयन्त्रहरू प्रतिकार्यका लागि परिचालन गर्नुपर्दछ । विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि नगरपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरूसम्म समन्वय गर्नुपर्दछ । विपद् पूर्वतयारीका लागि सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने तथा विपद्को समयमा विपद् प्रभावित समुदायमा तुरून्त खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरूको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने र यसको लागि समयमै आवश्यक पूर्वतयारी गर्ने समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न विपद्सँग सम्बन्धित र अन्य सामाजिक आर्थिक तथ्याङ्कको आवश्यकता पर्दछ । अझ विपद् पश्चात खोज उद्धार राहत र प्रतिकार्यका कामहरू अघि बढाउन विपद्को सामान्य तथा विषयगत क्षतिको तथ्याङ्क आवश्यक पर्दछ । यस विषय क्षेत्रले विपद्को क्षति तथा नोक्सानीको लेखाजोखा गर्ने यी सूचनाहरूलाई व्यवस्थापन गर्ने र विषयगत क्षेत्रका विवरणहरू सम्बन्धित क्षेत्रलाई उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्दछ । वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र स्थानीय सुरक्षा निकायसँग समन्वय गरेर प्रारम्भिक द्रुत लेखाजोखा गरी तत्काल विपद्को क्षतिको सूचना संकलन गर्ने संयन्त्र विकास गर्ने । क्षतिको प्रारम्भिक लेखाजोखा तथा क्षेत्रगत आवश्यकता लेखाजोखा गर्न गृह मन्त्रालयले तयार गरेको विपद् लेखाजोखा मार्गदर्शनको आधारमा आवश्यक फारम तयार गर्ने र तालिम दिई जनशक्ति तयार गर्ने । क्षतिको लेखाजोखाको आधारमा प्रभावितहरूको वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । विपद्का सूचनाहरू स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा व्वस्थापन गर्ने र निर्धारित प्रक्रिया बमोजिम जिल्ला, प्रदेश तथा केन्द्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा पठाउने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो ।

यस विषयगत क्षेत्रको नेतृत्व नगरपालिका अध्यक्षले गर्दछन् । नगरपालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै विषयगत क्षेत्रका संयोजकहरू यसमा सदस्य रहन्छन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले यस विषयगत क्षेत्रको सदस्य सचिवको रूपमा काम गर्दछन् । सबै स्थानीय सुरक्षा निकायका प्रतिनिधिहरू, नेपाल रेडक्रस सोसाइटी लगायत विपद् लेखाजोखा क्षेत्रमा अनुभव भएका र स्वयम् सेवक परिचालन गर्ने क्षमता भएका स्थानीय संस्थाहरू पनि यस विषयगत क्षेत्रमा सदस्यका रूपमा रहनेछन् ।

### *२.८.२ खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्र*

नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावितहरूलाई तत्काल खानेकुरा उपलब्ध गराउने, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने तथा कृषि क्षेत्रको पुनर्स्थापन तथा पुनर्लाभ योजना बनाई कार्यान्वयन गर्ने जिम्मेवारी निर्वाह गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व गाउँ कार्यपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्दछन् भने कृषि विकास अधिकृत सदस्य सचिवको रूपमा रहन्छन् ।

### *२.८.३ स्वास्थ्य खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन विषयगत क्षेत्र*

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाइतेहरूको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ । त्यसपछि गम्भीर प्रकृतिका घाइतेहरूको लागि थप उपचारको प्रवन्ध गर्नु पर्दछ । प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा रोकथाम तथा व्यवस्थापनमा स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका हुन्छ । विपद् प्रभावित समुदायका बालबालिका, बृद्धबृद्धा, गर्भवती तथा दुध खुवाउने आमाहरूको लागि थप पोषणयुक्त खानाको आवश्यकता पर्दछ । गाउँलिकाको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार, स्वास्थ्य सेवा, न्यूनतम तथा बृहत प्रजनन स्वास्थ्य सेवा तथा परिवार नियोजन सेवा, लैंगिक तथा यौन हिंसाको स्वास्थ्य प्रतिकार्य र पोषणको प्रवन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । साथै यस विषयगत क्षेत्रले कोभिड-१९ जस्ता महाव्याधीको संक्रमण, स्वास्थ्य संकटको रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथा सरसफाइका पूर्वाधारहरूमा क्षति पुग्छ । विस्थापितहरूले आश्रय लिएको आश्रयस्थलमा खानेपानी र सरसफाइको उचित र पर्याप्त प्रवन्ध गर्नु पर्दछ । विपद्पछि सरसफई र स्वस्थताको उचित प्रवन्ध नभएमा विभिन्न महामारी फैलिन सक्छ । विपद् प्रभावितहरूको लागि स्वच्छ र पर्याप्त खानेपानी तथा सरसरफाइको प्रवन्ध गर्नु, विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टिन र आइसोलेसन केन्द्रहरुमा खानेपानी एवम् सरसफाइको प्रवन्ध तथा स्वस्थता प्रवर्धन गर्नु, प्रभावितहरूको लागि मापदण्ड अनुसारको सरसफाइ तथा स्वच्छता प्रवर्धनका सामग्रीहरूको सुनिश्चित गर्नु, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाइ गर्नु, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्नु, व्यक्तिगत सरसफाइको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, आदि) उपलब्ध गराउनु, विपद्बाट क्षति भएका खानेपानी तथा सरसफाइका पूर्वाधारहरू पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा रहेका स्वास्थ्य संस्था तथा अस्पतालहरू र स्वास्थ्य, खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### *२.८.४ आपत्कालीन आश्रयस्थल तथा गैर खाद्य सामग्री र बन्दोबस्ती विषयगत क्षेत्र*

नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नको लागि आश्रयस्थल प्रवन्ध मिलाउने ओढ्ने ओछ्याउने लगायतका गैर खाद्य सामग्री एवम् लगाउने कपडाको प्रवन्ध गर्ने । महामारीजन्य स्वास्थ्य संकटको समयमा क्वारेन्टिन एवम् आइसोलेसन केन्द्रको व्यवस्थापन गर्ने, खोज उद्धार, राहत एवम् स्वास्थ्य सामग्रीहरूको खरिद तथा भण्डारण एवम् ढुवानीको प्रवन्ध गर्ने, विपद् लेखाजोखा लगायतका कामको लागि आवश्यक बन्दोबस्ती मिलाउने यस विषय क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रूपमा रहन्छन् ।

### *२.८.५ आपत्कालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र*

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अभिभावक गुमाउँछन् । यस्तो अवस्थामा महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु तथा लैंगिक अल्पसंख्यकमाथि हिंसाको जोखिम बढ्छ । संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रले विपद्को समयमा महिला, किशोरी, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, डिग्निटि किट, किशोरी किट अस्थाई (वाल/ महिला मैत्री) शौचालयको व्यवस्थापन, खेलकुदका सामान आदि उपलब्ध गराउने, लैंगिक हिंसा रोकथाम र व्यवस्थापन, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरू, लैंगिक हिंसा प्रभावितहरुलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने संरक्षण शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा रहेका संरक्षण तथा सुरक्षा क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### *२.८.६ आपत्कालीन शिक्षा विषयगत क्षेत्र*

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अभिभावक गुमाउँछन् । यस नगरपालिकामा धेरै विद्यालयहरू भूकम्प, पहिरो, आगलागी, चट्याङ् जस्ता प्रकोपको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । कोभिड-१९ को महामारीको कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाई निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाईको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनर्स्थापन र पुनर्निर्माणमा सहयोग गर्ने  र विद्यालय मार्फत विपद् सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा शिक्षा क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### *२.८.७ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र*

यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन, स्वास्थ्य सेवा) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्दछ । विपद् पश्चात विस्थापितहरूलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाइ लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनाको चरणमा स्थायी संरचनाहरू पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ । आपत्कालीन अवस्थामा पूर्वाधार क्षति भएर आवतजावत अवरूद्ध भएमा सेवा सुचारू गर्नका लागि तत्काल अस्थायी पूर्वाधार तयार गर्ने । प्रभावित समुदायसम्म राहत तथा प्रतिकार्यको पहुँच सहज बनाउन तत्काल अस्थायी पूर्वाधारहरूको विकास गर्ने । नगरपालिकाले पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक खानेपानी तथा सरसफाइका पूर्वाधारहरू तयार तथा अत्यावश्यक स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा मनोविमर्श सेवा सुनिश्चित गर्ने । विपद्बाट क्षति भएका संरचनाहरूको पुननिर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । विपद्को प्रकृति र प्रभाव हेरी यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अवस्थादेखि पुनर्निर्माणको काम नसकिँदासम्म चल्न सक्छ र विपद् व्यवस्थापनका चारबटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्दछन् भने पूर्वाधार विकास शाखा प्रमुख यसको सदस्य सचिवको रूपमा रहन्छन् ।

## परिच्छेद-तीन

# पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रूपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूमा सम्भावित विपद्को ख्याल गरी प्राय सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन तथा औजार, सीप विकास, औषधी तथा अत्यावश्यक सामग्रीको पूर्वभण्डारण, सूचना व्यवस्थापन, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् । विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषय क्षेत्रगत रूपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ ।

### *३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति एवं रणनीतिक कार्ययोजना तयार गरी लागू गर्ने | २०८० चैत्र | नगरपालिका | १ | स्थानीय विपद् व्यवस्थापन समिति |
| २. | विपद्को क्षति/नोक्सानी मूल्याङ्कनको लागि विपद् लेखाजोखा टोलीलाई प्रारम्भिक द्रुत लेखाजोखा (IRA- Initial Rapid Assessment) तालिम दिने | प्रत्येक वर्ष जेठ भित्र | नगरपालिका | नगरपालिका स्तरमा १ र वडामा १/१ | नगर र वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३. | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष चैत्रसम्म | नगरपालिका | १०० प्रति | स्थानीय विपद् व्यवस्थापन समिति |
| ४. | प्रत्येक वडामा खोज तथा उद्धार टोली गठन गरि प्रथम उद्धारक तयार गर्ने, तालिम दिने र परिचालन गर्ने प्रक्रिया निर्धारण गर्ने | २०८० असार | वडा तहमा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति |
| ५. | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने | निरन्तर | नगरपालिका | हरेक वडामा कम्तिमा एक सेट | स्थानीय विपद् व्यवस्थापन समिति |
| ६. | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | निरन्तर | नगरपालिका | सबै वडामा | विपद् व्यवस्थापन शाखा |
| ७. | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि वडामा खुल्ला क्षेत्र पहिचान एवं नक्शांकन गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने | प्रत्येक वर्ष जेठ भित्र | आवश्यकता अनुसार | प्रत्येक वडामा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | आपत्कालीन अवस्थामा आश्रय स्थलका रूपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण र विस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | आवश्यकता अनुसार | प्रत्येक वडामा कम्तिमा १ | पूर्वाधार विकास शाखा, वडा विपद् व्यवस्थापन समिति |
| ९. | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन / आइसोलेसन सेन्टरमा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान एवं निर्माण गर्ने | नियमित | वडा स्तरमा | प्रत्येक वडामा कम्तिमा १ | पूर्वाधार विकास शाखा, वडा विपद् व्यवस्थापन समिति |
| १०. | आपत्कालीन प्रयोजनको लागि सबै वडामा हेली प्याडको निर्माण गर्ने | आवश्यकता अनुसार | हरेक वडामा | ११ वटा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| ११. | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने, गराउने | २०८० जेठ | सबै सम्बन्धित संस्थाहरु | आवश्यकता अनुसार | सम्बन्धित कार्यालय |
| १२. | बाढी/पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | नगरपालिकामा सञ्चालित एफ.एम, पत्रपत्रिका, माईकिङ् आदि | नगरपालिकाको प्रकोप पात्रो अनुसार नियमित | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, वडा कार्यालय |
| १३. | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन कृत्रिम घटना अभ्यास गर्ने | प्रत्येक वर्ष माघ र जेठमा | नगरपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १४. | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच समन्वय भेला गर्ने | २०८० जेठ | नगरपालिका क्षेत्र | १ | नगर / वडा विपद् व्यवस्थापन समिति |
| १५. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष बैशाख भित्र | नगरपालिका | प्रत्येक वर्ष | स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.१.२ खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि स्थानीय व्यापारी पहिचान गर्ने साथै खाद्य संस्थानसँग समन्वय गर्ने | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| २ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी स्थानीय स्तरमा ठूला पसलहरू पहिचान गरी करार सम्झौता गर्ने | विपद्को सम्भावित समय अगावै | नगरपालिका | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा विपद् व्यवस्थापन समिति |
| ३ | विपद् लेखाजोखा टोलीलाई खाद्य कृषि तथा जीविकोपार्जन क्षेत्रको विपद् सूचना संकलनको सम्बन्धी तालिम दिने | २०८० जेठ | नगरपालिका | | विपद् व्यवस्थापन शाखा, कृषि शाखा |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका-प्रक्रिया बारे विषयगत क्षेत्रका सदस्यहरूबीच छलफल गरी कार्यविधि तयार गर्ने | प्रत्येक वर्ष जेठभित्र | वडास्तर | कम्तिमा १ पटक | विपद् व्यवस्थापन शाखा सबै विषयगत क्षेत्र |

### ३.१.३ स्वास्थ्य खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाकामा रहेका सबै स्वास्थ्य संस्थाहरुको आपत्कालीन योजना तयार गर्ने गराउने | तत्काल | स्वास्थ्य संस्था | सबै स्वास्थ्य संस्था | नगर स्वास्थ्य शाखा |
| २ | गाउँ पालिकाकामा सबै स्वास्थ्य संस्थाहरूमा आपत्कालीन प्राथमिक उपचार तथा स्वास्थ्य सेवाका लागि औषधिको बफर स्टक (Buffer Stock) राख्ने र औषधिको म्याद अनुसार पुनर्भरण योजना बनाउने | नियमित | वडा | स्वास्थ्य संस्था अनुसार | सम्बन्धित स्वास्थ्य संस्था |
| ३ | नगरपालिका र वडा तहमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | ११ | स्वास्थ्य शाखा |
| ४ | नगरपालिकाको स्वस्थ्य संकट सम्बन्धी विवरण स्वास्थ्य पाश्वचित्र र आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अद्यावधिक गर्ने प्रवन्ध गर्ने | २०८० जेठ | नगरपालिका | १ | आपत्कालीन कार्य संचालन केन्द्र |
| ५ | विपद् तथा महामारीको समयमा जनस्वास्थ्य सेवा (पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन) उपलब्ध गराउने कार्यविधि तयार गर्ने | तत्काल | नगरपालिका | | स्वास्थ्य शाखा |
| ६ | महामारीजन्य स्वास्थ्य संकटको समयमा विद्यालय तथा शैक्षिक संस्था सञ्चालन सम्बन्धी प्रोटोकल तयार गरी विद्यालय सञ्चालनको प्रवन्ध गर्ने | २०८०असोज | नगरपालिका | सबै शिक्षालय | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| ७ | उपचारको लागि विरामी रेफर गर्नको लागि रेफरल पद्धति व्यवस्था गर्ने | तत्काल | नगरपालिका | | स्वास्थ्य संस्थाहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | अग्रपंक्तिमा काम गर्ने स्वास्थ्य तथा सुरक्षा कर्मीको लागि व्यक्तिगत सुरक्षाका सामग्रीहरूको प्रवन्ध गर्ने | तत्काल | नगरपालिका | | स्वास्थ्य संस्थाहरु |
| ९ | सबै कर्मचारीहरुलाई महामारी सुरक्षा प्रोटोकलको जानकारी गराउने | तत्काल | नगरपालिका | | स्थानीय विपद् व्यवस्थापन समिति |
| १० | गाउँलिकामा बनाइएका आपत्कालीन आश्रयस्थलहरु महामारीको समयमा क्वरेन्टीन तथा आइसोलेसन केन्द्रको रूपमा संचालन गर्न सकिने गरी तयार गर्न सहयोग गर्ने | २०८० चैत्र | नगरपालिका | | अस्थायी आश्रयस्थल तथा बन्दोवस्ती क्षेत्र<br>पूर्वाधार विकास शाखा |
| ११ | स्वास्थ्य संकट तथा महामारी नियन्त्रण र व्यवस्थापन सम्बन्धि स्वस्थ्यकर्मी सुरक्षाकर्मी र द्रुत प्रतिकार्य टोलीलाई तालिम दिने | २०८० चैत्र | नगरपालिका | | स्वास्थ्य संस्थाहरु |
| १२ | विपद् पश्चात तत्काल आवश्यक पर्ने सामग्रीहरु भण्डारण गर्ने जस्तैः सेनिटरी प्याड, डिस्ट्रोई मसिन, स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सेवाका औषधीहरु, अस्थाई शौचालय आदि | नियमित, गुणस्तर अनुसार | नगरपालिका | ३०० जनाको लागि | स्वास्थ्य शाखा, |
| १३ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | नगरपालिका | ५०० वटा वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफा शाखा |
| १४ | सरसफाइका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने । | प्रकोपको सम्भावित समय अगावै | नगरपालिका | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफा शाखा |
| १५ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदायस्तरमा | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाइ शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यालय |
| १६ | विपद्को अवस्थामा खानेपानी प्रणाली सुधार गर्न आवश्यक सामग्री आपूर्तिका लागि सम्भाव्य व्यापारी पहिचान गर्ने साथै करार सम्झौता गर्ने | प्रकोप भन्दा अगाडी | नगरपालिका | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाइ शाखा |
| १७ | विपद् लेखाजोखा टोलीलाई स्वास्थ्य, खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् सूचना संकलन सम्बन्धी तालिम दिने | प्रत्येक वर्ष बैसाखभित्र | नगरपालिका | आवश्यकता अनुसार | विपद् व्यवस्थापन शाखा |
| १८ | आपत्कालीन आश्रयस्थल वा आश्रयस्थल बनाउन पहिचान गरिएका खुला क्षेत्रमा खानेपानी आपूर्तिको स्रोत र आवश्यक सामग्रीको प्रवन्ध गर्ने | नियमित | वडा तथा समुदायमा | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, खानेपानी तथा सरसफाइ शाखा, |

### ३.१.४ आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सामग्री तथा औजारहरूको बन्दोबस्त गर्ने | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | वडाको कुल जन सङ्ख्याको कम्तिमा १५% जनसङ्ख्या लाई पुग्ने | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, रेडक्रस, पूर्वाधार विकास शाखा |
| २ | सम्भावित आत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने | आवश्यकता अनुसार | थोक विक्रेता/ खुद्राविक्रेता/ सहकारी | कम्तिमा २०० परिवारका लागि | नगरपालिका खरिद शाखा |
| ३ | प्रत्येक वडामा अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने | निरन्तर | सबै वडामा | कम्तिमा १०० परिवारका लागि | पूर्वाधार विकास शाखा र वडा विपद् व्यवस्थापन समिति |
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने | निरन्तर | गाउँस्तर, गोदाम घरहरु | कम्तिमा १०० परिवारका लागि | नगरपालिका, वडा कार्यायल नेपाल रेडक्रस सोसाईटी, |
| ५ | अस्थायी आश्रय वा आवास निर्माणको लागि स्थानीय सिकर्मी तथा डकर्मी पहिचान गरि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि तालिम दिने | मनसुन सुरु हुनु भन्दा अगाडी | वडास्तर | हरेक वडामा | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ६ | पहिचान गरिएका खुल्ला स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक पूर्वाधार, खानेपानी, सरसफाइको प्रवन्ध तथा तत्काल टहरा बनाउन सक्ने व्यवस्था गर्ने | २०८० जेठ | नगरपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| ७ | स्थानीय तहमा भएका हेभी इक्वीपमेन्ट, ढुवानीका साधनहरु तथा सवारी साधनहरुको लगत तयार गरी आपत्कालीन अवस्थामा प्रयोग गर्न निजी क्षेत्रसँग सम्झौता गर्ने | २०८० जेठ | नगरपालिका | १ | विपद् व्यवस्थापन शाखा खरिद शाखा |

### ३.१.५ संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे स्थानीय कर्मचारी तथा जनप्रतिनिधिलाई जानकारी तथा अभिमुखीकरण गर्ने | नियमित | वडास्तर | कम्तिमा १ पटक | महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट, किशोरी किट, व्हिल चियर, वैशाखी, यौन तथा प्रजनन स्वास्थ्य सामग्रीको आदि) खरिद गरी भण्डारण गर्ने | नियमित | नगरपालिका | ३० सेट | महिला तथा बालबालिका शाखा, |
| ३ | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने । | तत्काल | नगरपालिका | १ पटक | महिला तथा बालबालिका शाखा, |
| ४ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य-स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने र प्रत्येक वडामा ५ जना सामान्य परामर्शदाता तयार गर्ने | प्रत्येक वर्ष १ पटक | वडास्तर | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट ४ जना महिला स्वास्थ्य-स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, |
| ५ | विपद्को समयमा परिचालन हुने विषयगत क्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने | जेठ भित्र | वडास्तरमा | प्रत्येक वर्ष एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| ६ | संरक्षण तथा लैंगिक हिंसामा काम गर्ने संस्था लगाएत अन्य संस्थासँग समन्वय गरेर स्थानीय समुदायलाई सचेतना कक्षा वा रेडियो/एफ.एम. मार्फत प्रचार प्रसार गर्ने | निरन्तर | वडास्तरमा | | महिला, जेष्ठ नागरिक तथा बालबालिका शाखा |
| ७ | यौन हिंसाबाट प्रभावित हुनसक्ने हरुलाई मध्यनजर गर्दै चिकित्सा सामग्री तयारी अवस्थामा राख्ने | बैसाख भित्र | नगरपालिका | प्रत्येक वर्ष एक पटक | महिला, जेष्ठ नागरिक तथा बालबालिका शाखा |
| ८ | यौन हिंसा प्रभावित व्यक्तिलाई बहुक्षेत्रगत सेवा उपलब्ध गराउन श्रोत जुटाउनको लागि समन्वय गर्ने | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, महिला, जेष्ठ नागरिकतथा बालबलिका शाखा |

(नोटः डिग्निटि किटमा आवश्यक सामग्री र गुणस्तर राष्ट्रिय मापदण्ड बमोजिम हुनुपर्ने छ)

### ३.१.६ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | भूकम्प, पहिरो, हावाहुरीले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आकलन गर्ने | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने | २०८० जेठ | नगरपालिका | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ३ | विद्यालयहरूमा विपद् जोखिम लेखाजोखा गरी बृहत विद्यालय सुरक्षा कार्य योजना निर्माण गर्ने | २०८० जेठ | नगरपालिका | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ४ | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने | नियमित | नगरपालिका विद्यालयहरू | १ कार्यक्रम पाक्षिक रूपमा | स्थानीय विपद् व्यवस्थापन समिति, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | विद्यालयहरूमा भूकम्पीय तथा आगलागी सुरक्षा कृतिम घटना अभ्यास गर्ने | वर्षको १ पटक | विद्यालयहरू | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ६ | सबै विद्यालयमा आपत्कालीन बहिर्गमन मार्ग तथा भेला हुने सुरक्षित स्थान पहिचान गर्ने | २०८० जेठ | | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ७ | पहिरो प्रभावित हुने सक्ने १५ विद्यालयहरुमा प्राथमिक उपचार किट र खोज उद्धार किट तयारी अवस्थामा राख्ने | नियमित | विद्यालयहरू | | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |
| ८ | विपद्का कारण पढाई हुन नसक्ने स्थितिको निम्ति आपत्कालीन शिक्षा योजना तयार गरी अस्थायी सिकाई केन्द्रको व्यवस्थापन गर्ने | २०८० जेठ | वडास्तरमा | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ९ | वैकल्पिक सिकाई सञ्चालनका लागि कार्यविधि र सामग्री तयारी अवस्थामा राख्ने | २०८० जेठ | नगरपालिका | | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| १० | सबै विद्यालयहरूमा अस्थायी सिकाई केन्द्र सञ्चालनका लागि आवश्यक सामग्रीहरू तयारी अवस्थामा राख्ने प्रवन्ध गर्ने | २०८० जेठ | विद्यालयहरू | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ११ | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अद्यावधिक गर्ने | नियमित | नगरपालिका | सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

### *३.१.७ शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, तथा शौचालयको व्यवस्था गर्ने | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय |
| २ | जोखिम संवेदनशील भू-उपयोग योजनाका आधारमा पूर्वाधार निर्माणका योजना तयार गर्ने | २०८० असोज | नगरपालिका | १ | पूर्वाधार विकास शाखा, नगरपालिका |
| ३ | पूर्ण रूपमा भवन आचार संहिता कार्यान्वयन भएको सुनिश्चित गर्ने गराउने | नियमित | नगरपालिका | १ | पूर्वाधार विकास शाखा, नगरपालिका |
| ४ | पहिचान गरिएका आपत्कालीन आश्रयस्थलमा अस्थायी आवास, सरसफाइ, खानेपानी, सडक र विजुलीको पूर्वाधार तयार गर्ने | नियमित | नगरपालिका | | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | ग्रामीण सडक निर्माण जस्ता पूर्वाधार विकास गर्दा प्राविधिक र वातावरणीय अध्ययन अनुसार विपद् जोखिम नबढ्ने कुरा सुनिश्चित गर्ने | नियमित | नगरपालिका | | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ६ | संरचना तथा पूर्वाधारको पुनर्निर्माण "अझ राम्रो अझ" बलियोको मान्यता अनुरूप गर्ने | नियमित | नगरपालिका | | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ७ | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्नको लागि प्राविधिक टोली गठन तथा अभिमुखीकरण गर्ने | निरन्तर | वडास्तरमा | नगरपालिकामा एक र वडामा एक एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ८ | सम्भावित विपद्बाट पूर्वाधार एवं आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शीघ्र मूल्याङ्कनको लागि लेखाजोखा टोलीलाई प्रशिक्षण दिने | प्रत्येक वर्ष | नगरपालिका | एक पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रूपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन् । यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तत्काल तय गर्नु पर्ने पर्दछ। प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने क्रियाकलापहरूको योजना देहाय बमोजिम तर्जुमा गरिएको छ ।

### ३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत), प्रदेश र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट आदानद प्रदान गर्ने | निरन्तर | नगरपालिका स्तर | दिनमा कम्तिमा १ पटक | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| २ | बाढी/पहिरो, हावाहुरी र खराब मौसमको सूचना प्राप्त हुनासाथ गाउँ तथा समुदायलाई सतर्कता अपनाउन सूचना सम्प्रेषण गर्ने | पूर्वानुमान प्राप्त भए लगत्तै | गाउँ केन्द्रबाट समुदायसम्म पहुँच हुनेगरी | पूर्वानुमानको खवर पश्चात दिनमा कम्तिमा ३ पटक | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ३ | विपद् हुनसक्ने सम्भावना देखिएमा सबै विषयगत क्षेत्रहरूलाई तयारी अवस्थामा रहन निर्देशन गर्ने | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरपालिका | सूचना प्राप्त भएपछि कम्तिमा एक पटक र आवश्यकता अनुसार थप | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, |
| ४ | पूर्वानुमान अनुसार वडास्तरीय समितिलाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने । | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | नगरपालिका स्तर | जोखिममा रहेका सबै समुदाय | स्थानीय तथा वडा विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ५ | खोज तथा उद्धार टोली र क्षतिको विवरण सङ्कलन टोलीलाई तयारी अवस्थामा राख्ने । | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | नगरपालिका स्तर तथा वडा स्तर | वडास्तरमा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय |

### ३.२.२ खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार थप | कृषि शाखा, विषयक्षेत्र |
| २ | भण्डारण वा स्थानीय व्यापारीसँग करार सम्झौता गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गरी अद्यावधिक गर्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि एक पटक | कृषि शाखा |
| ३ | विपद् प्रभावित क्षेत्रमा खाद्य सामग्रीहरू ढुवानीका लागि आवश्यक श्रोत साधन तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.२.३ स्वास्थ्य खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | प्राथमिक उपचार स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आकस्मिक समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात तत्काल | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | स्वास्थ्य शाखा |
| २. | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधी तथा उपकरण निरिक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा |
| ३. | प्राथमिक उपचार, स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा |
| ४. | अग्रपंतिमा काम गर्ने स्वास्थ्य तथा सुरक्षा कर्मीको लागि व्यक्तिगत सुरक्षाका सामग्रीहरूको प्रवन्ध गर्ने | तत्काल | नगरपालिका | सवै स्वा.संस्था | नगरपालिका |
| ५. | सबै कर्मचारीहरुलाई सुरक्षा प्रोटोकलको जानकारी गराउने | तत्काल | नगरपालिका | आवश्यकतानुसार | गाउँ विपद् व्यवस्थापन समिति |
| ६. | स्वास्थ्य, खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | सामाजिक विकास शाखा |
| ७. | खानेपानी शुद्धिकरणका लागि क्लोरिन, पियुष जस्ता औषधि तथा प्रविधिको निरिक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | खानेपानी तथा सरसफाई शाखा |
| ८. | सरसफाइका लागि परिचालन हुनु पर्ने जनशक्ति र उपकरणहरू तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा |

### ३.२.४ आपत्कालीन आश्रय  गैर खाद्य सामग्री एवं बन्दोबस्ती क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| २ | आपत्कालीन आश्रय स्थलको निरिक्षण गरी तयारी अवस्थामा राख्ने | तत्कालै | वडास्तर | सम्भावित प्रकोप अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, वडास्तरीय समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अस्थायी आश्रय वा आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामग्री तथा औजारहरू निरिक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |

### *३.२.५ संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | संरक्षण तथा सूरक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा, विषयक्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा आवश्यक पर्ने डिग्निटी किट, किशोरी किट, स्यानिटरी प्याड, ह्विल चियर, वैशाखी, लौरी आदि लगायतका सरसामानहरूको निरिक्षण गरी तैयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा |
| ४ | यौन हिंसाबाट प्रभावित हुनसक्ने हरुलाई मध्यनजर गर्दै चिकित्सा समग्री तयारी अवस्थामा राख्ने | निरन्तर | पालिका स्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, महिला, जेष्ठ नागरिक तथा बालबालिका शाखा |
| ५ | यौन हिंसा प्रभावित व्यक्तिलाई बहुक्षेत्रगत सेवा उपलब्ध गराउने तथा श्रोत जुटाउनको लागि समन्वय गर्ने | निरन्तर | पालिका स्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, महिला, जेष्ठ नागरिक तथा बालबालिका शाखा |

### *३.२.६ आपत्कालीन शिक्षा विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन शिक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | शिक्षा शाखा र विषयक्षेत्र |
| २ | प्रभावित हुन सक्ने विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने | समन्वयात्मक बैठक पश्चात | विद्यालयस्तरमा | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपद्को समयमा अपनाउनुपर्ने सावधानी र सूरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने | तत्काल | विद्यालय स्तरमा | सम्भावित प्रकोपको सिजन अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |
| ४ | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने | तत्काल | नगरपालिका स्तर | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |

### ३.२.७ *शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | शीघ्र पुनर्लाभ विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति,, पूर्वाधार विकास शाखा |
| २ | अत्यावश्यक सेवा सुचारू गर्नका लागि आवश्यक जनशक्ति, भण्डारण गरिएका सामग्री तथा उपकरणहरू निरिक्षण गरी र तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा |
| ३ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने | पूर्वानुमानको जानकारी पश्चात | नगरपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति |



## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरणका र विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन र संप्रेषणका क्रियाकलापहरू सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ । प्रतिकार्यको लागि देहाय बमोजिमका विषयगत क्षेत्रका क्रियाकलापहरू तर्जुमा गरिएको छ ।

### ३.३.१ *समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र*

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | विपद्को घटनाको सूचना पश्चात स्थानीय विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | समग्र व्यवस्थापन सूचना खोज तथा उद्धार विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ४ | खोज उद्धार र सुरक्षाको लागि उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |

| | | | |
|---|---|---|---|
| | ५ | खोज तथा उद्धारका लागि आवश्यक सामग्री र यातायातको बन्दोबस्त गर्ने | बन्दोबस्ती विषय क्षेत्र |
| | ६ | घाइतेहरूको शीघ्र उद्धार गर्ने र बेपत्ताहरूको खोजी कार्यलाई तीव्रता दिने | सुरक्षा निकाय |
| | ७ | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | ८ | घाइतेहरूको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | प्राथमिक उपचार विषयगत क्षेत्र |
| | ९ | मृतकहरूको पहिचान गरी मुचुल्का गरेर शव आफन्त जिम्मा लगाउने | सुरक्षा निकाय, वडा समिति |
| २४ घण्टा देखि ७ दिन | १० | खोज उद्धार कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | ११ | २४ घण्टाको कामको समीक्षा गरी थप खोज उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | १२ | प्रभावितहरूको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १३ | आवश्यकता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १४ | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय, सबै विषयगत क्षेत्रहरू |
| | १५ | विपद्को घटनाको प्रकृति हेरी आवश्यकता अनुसार जिल्ला प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गर्ने | सुरक्षा निकाय |
| ७ दिनदेखि १ महिना | १६ | आवश्यकता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १७ | विपदमा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लगत सङ्कलन गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | १८ | हराएका वा नष्ट भएका कागजातहरूको पुनर्निर्माण तत्काल गर्ने | वडा कार्यालय |
| | १९ | विषय क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा विपद्बाट भएको क्षतिको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |
| | २० | विपद् पश्चातको आवश्यकता लेखाजोखाको आधारमा नगरपालिकाको पुनर्निमाण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

### ३.३.२ खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | खाद्य तथा कृषि विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसङ्ख्याको आकलन गरी आवश्यक खाद्य सामग्रीको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | विस्थापित तथा प्रभावितहरूलाई तत्काल स्वच्छ र सुरक्षित पिउने पानी उपलब्ध गराउने | खोज उद्धार विषयगत क्षेत्र |
| | ३ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामग्री उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ४ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) आधारमा अवस्था हेरी आगामी एक महिनाको लागि खाद्य आवश्यकताको आकलन गर्ने | विपद् लेखाजोखा टोली |

| | | | |
|---|---|---|---|
| २४ घण्टा देखि ७ दिन | ५ | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ६ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि आवश्यकता एवं न्यूनतम् मापदण्ड बमोजिम खाद्य उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| ७ दिन देखि १ महिना | ७ | विस्थापित तथा प्रभावितहरुलाई खाद्य सामग्री आवश्यकता अनुसार खाद्य सामग्री निरन्तर उपलब्ध गराउने | |
| | ८ | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको समिक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने | |

### ३.३.४ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र |
| | २ | संकटग्रस्त क्षेत्रमा तत्काल प्रतिकार्यको लागि द्रुत प्रतिकार्य टोली (Rapid Response Team - RRT) परिचालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र |
| | ३ | स्वास्थ्य संकटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्र एवम् अवधिमा स्वास्थ्य सम्बन्धी प्रोटोकल पूर्ण रूपमा पालना गर्ने /गराउने | सुरक्षा निकाय |
| | ४ | उच्च संक्रामक महामारी फैलिएको अवस्थामा नगरपालिका प्रवेश गर्ने नाकाहरुमा कडाई गरी स्क्रिनिङ र क्वारेन्टिनको व्यवस्था गर्ने | सुरक्षा निकाय |
| | ५ | संक्रमितको कन्ट्र्याक ट्रेसिङ् परीक्षण गरी आइसोलेसन र उपचारको प्रवन्ध गर्ने, अस्पताल तथा स्वास्थ्य संस्थाहरू नियमित निसंक्रमित गर्ने र विपद् प्रभावित क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना गरी सेवा सञ्चालन गर्ने | स्वास्थ्य संस्थाहरु |
| | ६ | गम्भीर अवस्थाका घाइतेहरूलाई थप उपचारको लागि जिल्ला तथा प्रदेश अस्पतालमा रिफर गर्ने | विपद् व्यवस्थापन समिति |
| | ७ | दीर्घ रोगीहरू पहिचान गरी उनीहरूको लागि औषधि तथा उपचार सेवा उपलब्ध गराउने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ८. | मापदण्ड अनुसार शुद्ध पिउने पानी सुनिश्चतता गर्ने र संक्रमणजन्य महामारीका समयमा अस्पताल तथा स्वास्थ्य संस्थाहरू नियमित निसंक्रमित गर्ने | विषयगत क्षेत्र |

| | | | |
|---|---|---|---|
| | ९. | विपद् प्रभावित क्षेत्र तथा अस्थायी आश्रयस्थलमा नियमित औषधि उपचारका साथसाथै गर्भवती जाँच, सुत्केरी र परिवार नियोजन सेवालाई निरन्तरता दिने | स्वास्थ्य संस्थाहरु |
| | १०. | गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन बिषयगत क्षेत्रलाई सिफारिस गर्ने | स्वास्थ्य संस्थाहरु |
| | ११. | प्रभावित क्षेत्रमा अति जोखिमपूर्ण समुहको पहिचान गर्ने र पहिचान गरिएका अति जोखिम पूर्ण समुहलाई बिशेष निगरानी तथा स्वास्थ्य सेवा उपलब्ध गराउने | स्वास्थ्य संस्थाहरु |
| | १२. | उच्च संक्रामक महामारी फैलिएको अवस्थामा नगरपालिका प्रवेश गर्ने नाकाहरुमा कडाई गरी स्क्रिनिड र क्वारेन्टिनको व्यवस्था गर्ने | सुरक्षा निकाय |
| | १३. | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | संरक्षण विषयगत क्षेत्र |
| | १४. | अस्थायी आश्रयस्थल तथा प्रभावित समुदायमा महामारीजन्य विपद् फैलिन नदिन थोकथामका उपायहरू अपनाउने, पियुस, क्लोरीन जस्ता खानेपानी शुद्धिकरणका औषधी तथा व्यक्तिगत सरसफाईका लागि हाईजिन किट वितरण गर्ने, सरसफाइ तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र आस्थायी आश्रय स्थलमा सरसफाइका अस्थायी संरचनाहरू तयार गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र |
| | १५. | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | |
| | १६. | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको विषयगत आवश्यकता लेखाजोखा गरी पुनर्स्थापन योजना तयार गर्ने | विपद् लेखाजोखा तथा सूचना समन्वय विषयगत क्षेत्र |
| | १७. | जनस्वास्थ्य (पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन) सेवा सुरक्षित तरीकाले नियमित संचालन गर्ने प्रवन्ध मिलाउने | स्वास्थ्य संस्थाहरू |
| | १८. | थप महामारी फैलिन नदिन रोकथामका उपायहरू निरन्तर गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र |

### ३.३.४ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | अस्थायी आश्रय स्थल तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसंख्यको आकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | विस्थापितहरूको लागि तत्काल अस्थायी बसोबासको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखाको लागि आवश्यक बन्दोबस्त गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइतेहरुको ओसार पसार र राहत सामग्रीको ओसार पसार गर्नको लागि यातायातका साधनहरुको प्रवन्ध गर्ने | खोज उद्धार विषयगत क्षेत्र |
| | ५ | विपद् प्रभावितहरूलाई गर्मीको समयमा झुल र जाडोको समयमा न्यानो कपडाको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| २४ घण्टा देखि ७ दिन | ६ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) आधारमा आगामी एक महिनाको लागि गैर खाद्य तथा बसोबासको आवश्यकताको आकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ७ | प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई निरन्तरता दिने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ८ | आश्रय स्थलमा शौचालय, खानेपानी, सरसफाइ तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | खानेपानी सरसफाई र स्वास्थ्य विषयगत क्षेत्र |
| | ९ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि खाना पकाउने भाँडाकुँडा र ओढ्ने ओछ्याउने सामग्री उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १० | अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि उपयुक्त आश्रय स्थलको प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | ११ | विपद्को कारण आघातमा रहेका व्यक्तिहरूलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १२ | अस्थायी आश्रयस्थलमा बालबालिकालाई खेल्ने ठाउँको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| ७ दिन देखि १ महिना | १३ | आवश्यकता अनुसार विस्थापितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १४ | भौतिक संरचना पुनर्निर्माणका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गर्ने | सामुदायिक वन उपभोक्ता समिति |
| | १५ | अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको सिकाई निरन्तरताको लागि नगरपालिकाको शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १६ | विपद् पश्चातको आवश्यकता लेखाजोखाको लागि आवश्यक बन्दोबस्त मिलाउने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |

### ३.३.५ संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | आवश्यकता अनुसार प्रभावितहरूलाई मनोसाजिक परामर्श सेवा उपलब्ध गराउने | नेपाल रेडक्रस सोसाइटी |
| | ३ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ४ | प्रभावित महिला बालबालिका अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई संरक्षण दिने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ५ | विपद्को घटनाबाट मानसिक रूपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरूलाई परिस्थितीको आकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ६ | नेपाल प्रहरी र स्थानीय सामाजिक संस्थाहरूवीच संयन्त्र तयार गरी बाहिरबाट आउने व्यक्तिहरूमाथि निगरानी राख्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ७ | विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सामाजिक र लैंगिक विभेद नभएको सुनिश्चित गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ८ | मानव बेचबिखन, ओसारपसार र अपहरण जोखिम न्यूनीकरणका लागि नगरपालिकाको सिमा नाकाहरूमा नागरिक सुरक्षा चेक पोष्ट स्थापना गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ९ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई सहयोग गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १० | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ११ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तैः डिग्निटी किट  वितरण गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १२ | अस्थाई सिकाई केन्द्रहरूमा छात्रा विद्यार्थीहरूमाथि हुन सक्ने हिंसा रोक्नका लागि सुरक्षा संयन्त्र निर्माण गर्ने | नगरपालिका विपद् व्यवस्थापन समिति |
| | १३ | विपद् प्रभावित समुदाय वा अस्थायी आश्रयस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने र विशेष संरक्षणको व्यवस्था मिलाउने | नगरपालिका विपद् व्यवस्थापन समिति |
| | १४ | बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १५ | विपद् पछिको आवश्यकता लेखाजोखा गरी संरक्षण तथा सुरक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.३.६ शिक्षा विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | शिक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | अवस्था अनुसार आपत्कालीन प्रतिकार्यको लागि विद्यालय बन्द गर्नु पर्ने भएमा बन्द गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ३ | विद्यालयको क्षति तथा शिक्षक विद्यार्थीको अवस्थाको आकलन गरी खोज उद्धारमा सहयोग गर्ने | नेपाल रेडक्रस सोसाइटी |
| २४ घण्टा देखि ७ दिन | ४ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ५ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ६ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ७ | सिकाई निरन्तरताको कार्ययोजना क्रियाशील गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ८ | तत्काल विद्यालय सञ्चालन हुन नसक्ने अवस्थामा अस्थायी सिकाई केन्द्र स्थापना गरी सिकाई सुचारु गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ९ | अस्थायी सिकाई केन्द्र पनि सञ्चालन हुन नसक्ने अवस्थामा वैकल्पिक विधिबाट सिकाई सुचारू गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १० | शिक्षकहरूका लागि आपत्कालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| ७दिन देखि १ महिना | ११ | बालबालिकाहरूलाई विद्यालय फर्कने वातावरण बनाउन अभिभावकहरूसँग समुदायमा छलफल गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १३ | विपद् प्रभावित विद्यार्थीहरूको लागि अवस्था र आवश्यकता अनुसार विद्यालय पोशाक, पाठ्यपुस्तक र स्टेसनरी सामग्रीहरू उपलब्ध गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १४ | विद्यालय आउने जाने बाटोहरू भत्किएको बिग्रिएको भए मर्मत गराउने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १५ | बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १६ | गम्भीर प्रकृतिको अवस्था बाहेक सामान्यत विपद्को घटना भएको ७ दिन सम्ममा सिकाई सुचारू गर्ने प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १७ | विपद् पछिको आवश्यकता लेखाजोखा गरी शिक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.३.७ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | जीविकोपार्जन, पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको वारे छलफल गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | विपदबाट क्षति भएका सडक संचार तथा विद्युत पूर्वाधार सूचारू गर्न पहल गर्ने | राहत व्यवस्थापन क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३ | पुनर्स्थापनाका लागि आवश्यक पूर्वाधारहरूको आवश्यकता लेखाजोखा गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | अस्थायी आश्रयस्थलमा आधारभूत अस्थायी पूर्वाधार निर्माण गर्ने | आश्रयस्थल तथा राहत व्यवस्थापन विषयगत क्षेत्र |
| | ५ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को आधारमा तत्कालको लागि प्राथमिकता तय गर्ने. | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ६ | आफ्नो घर फर्कन चाहने विस्थापितहरूलाई समुदायमा पुनर्स्थापित गर्ने प्रक्रिया तय गरि पुनर्स्थापित गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ७ दिन देखि १ महिना | ७ | क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा क्षेत्रगत पुनर्स्थापन योजना तयार गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ८ | सामान्य क्षति भएका पूर्वाधार तथा संरचनाहरूको मर्मत सम्भार गरी सेवा सुचारू गर्ने | नगरपालिका विपद् व्यवस्थापन समिति |
| | ९ | विपद् पछिको आवश्यकताको लेखाजोखाको आधारमा नगरपालिकाको पुनर्निमाण योजना तयार गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | १० | पुनर्निमाण नसकिएसम्म पुनर्निमाणको कामलाई निरन्तरता दिने | नगरपालिका विपद् व्यवस्थापन समिति |

परिच्छेद-चार

# बन्दोबस्तीका सामग्रीको उपलब्धता तथा आवश्यकता लेखाजोखा

## ४.१ स्रोत साधनको विद्यमान उपलब्धता र आवश्यकता

बन्दोबस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ। यस नगरपालिकामा विपद्जन्य घटनाहरुमा सम्बन्धित विषयक्षेत्र अन्तर्गत उपलब्ध श्रोत साधन तथा सामग्रीहरुको विद्यमान अवस्था देहाय बमोजिम रहेको छ र विद्यमान स्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.१: बन्दोबस्ती सामग्रीहरूको उपलब्धता र आवश्यकता लेखाजोखा*

| समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | | | |
|---|---|---|---|
| आवश्यक स्रोत, साधन/उपकरण | हाल मौज्दात संख्या वा परिमाण | थप आवश्यक संख्या | आवश्यक रकम |
| स्टील कटर (हेभी ड्युटी) | ५ | - | |
| घन काठको बिंड भएको | ५ | - | |
| गैंती काठको बिंड भएको | ५ | - | |
| स्टीलको आरा | ५ | - | |
| वायर कटर | ५ | - | |
| डाइनामिक डोरी | २०० मि | - | |
| क्लाइम्बिङ डोरी | २०० मि | - | |
| आलुमिनियमको भर्यांग (२०-२४ फिट) | २ | - | |
| ५ टन क्षमताको हाइड्रोलिक ज्याक | १ | - | |
| पन्जा (छालाको) | ७ | - | |
| सेफ्टि हेल्मेट | ७ | - | |
| सावेल | ७ | - | |
| स्ट्रेचर फोल्डिंग | ५ | - | |
| ५ केजीको गल | ४ | - | |
| मेगा ह्याण्ड माइक | १ | - | |
| हेड लाइट | ५ | - | |
| हाते टर्च लाईट | २ | - | |
| त्रिपाल | ५ | - | |
| म्याट्रेस | ५ | - | |
| ब्लान्केट | ७ | - | |
| सिट्ठी | १४ | - | |
| भिजिबिलिटी भेस्ट | १० | - | |
| टेन्ट | ३ | - | |
| फायर रेक | ३ | - | |

| समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | | | |
|---|---|---|---|
| पावर चेन-स | १ | - | |
| प्राथमिक उपचार किट | ३ | - | |
| लाईफ ज्याकेट | १५ | - | |
| फायर सुट | ४ | - | |
| पुल्ली | २ | - | |
| बुट | १० | - | |
| फायर एक्स हो | ३ | - | |
| फायर स्वाटर | ५ | - | |
| फायर रेक हो | ५ | - | |
| पानीको बोत्तल | १० | - | |
| बाँदर धपाउने बन्दुक | ३ | - | |
| रेन कोट | १० | - | |
| सामान्य उद्दार सामग्री सेट १० वडामा | | ११ सेट | २,००,००० |
| **आवश्यक रकम** | | | **२२,००,०००** |
| खाद्य तथा कृषि क्षेत्र | | | |
| स्रोत, साधन/उपकरण | हाल मौज्दात संख्या वा परिमाण | थप आवश्यक | आवश्यक रकम |
| किटनाशक विषादी | | | ६०,००० |
| पशु उपचारको निम्ति आवश्यक औषधि | | | ६०,००० |
| चामल, नुन, तेल प्याकेट लगाएतका खाद्य सामग्री | न्युनतम १०० घरधुरीलाई आवश्यक पर्ने खाद्य सामग्री को करार सम्झौता गरिनेछ | | |
| **आवश्यक रकम** | | | **१,२०,०००** |
| स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र | | | |
| स्रोत, साधन/उपकरण | हाल मौज्दात संख्या वा परिमाण | थप आवश्यक | आवश्यक रकम |
| स्यानीटरी प्याड | | ५०० प्याकेट | १०,००० |
| ह्याण्डवास तथा साबुन | | ५०० सेट | १०,००० |
| पिपिई सेट/गाउन | | २० | ३६,००० |
| सर्जिकल ग्लोब | | १००० | ५०,००० |
| स्यानीटाईजर | | १०० लिटर | १०,००० |
| क्लोरिन पाउडर | | १० केजी | २०,००० |
| मेडिसिन | | ७ सेट | ३५,००० |
| प्राथमिक उपचार बाकस/किट | | ५० | २,५०,००० |
| खानेपानी सरसफाइ मर्मत टुल बकस | - | १० सेट | १,८०,००० |
| पाइप, फिटिंग | - | १० सेट | १२०००० |
| अस्थाई चर्पी सेट | - | ३० | १४०००० |
| पियुष | - | १०० | २००० |

| समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | | | |
|---|---|---|---|
| एक्वा ट्याब | - | २०० | २००० |
| पि.ए.भाइल | - | २०० | ५००० |
| पानी जाँच्ने किट | - | १ सेट | १७००० |
| **आवश्यक रकम** | | | **८,८७,०००** |
| आपत्कालीन आश्रय र गैर खाद्य सामग्री | | | |
| स्रोत, साधन/उपकरण | हाल मौज्दात संख्या वा परिमाण | थप आवश्यक | आवश्यक रकम |
| ईन्धनबाट चल्ने आरा/ह्याक्सा (Hacksaw) | १ | १० | ३,००,००० |
| त्रिपाल/टेन्ट | | ५० | १,००,००० |
| भाँडाकुँडा सेट | | १०० | १,००,००० |
| **आवश्यक रकम** | | | **५,००,०००** |
| संरक्षण र सुरक्षा क्षेत्र अन्तर्गत रहेका स्रोत साधन | | | |
| स्रोत, साधन/उपकरण | हाल मौज्दात संख्या वा परिमाण | थप आवश्यक | आवश्यक रकम |
| वैशाखि | ० | १० | १०,००० |
| लौरो | ० | १० | १,००० |
| व्हिल चियर | ० | २ | ५०,००० |
| बेबी किट | ० | २० | १,००,००० |
| वर्क चेयर | ० | २० | १,००,००० |
| डिग्निटि किट | ० | १०० | २,००,००० |
| किशोरी किट | ० | ५० | ५०,००० |
| **आवश्यक रकम** | | | **५,११,०००** |
| आपतकालिन शिक्षा अन्तर्गत रहेका श्रोत साधन | | | |
| स्रोत, साधन/उपकरण | हाल मौज्दात संख्या वा परिमाण | थप आवश्यक | आवश्यक रकम |
| विद्यार्थी किट | ० | २० | १०,००० |
| विद्यालय किट | ० | २० | १०,००० |
| शिक्षक किट | ० | २० | १०,००० |
| अस्थाई सौचालय | ० | १० | १,००,००० |
| **आवश्यक रकम** | | | **१,३०,०००** |
| **कुल आवश्यक रकम** | | | ४२,२८,००० |

## ४.२ विपद प्रतिकार्यका लागि दक्ष जनशक्ति

यस नगरपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरू र स्थानीय समुदायहरू प्रतिकार्यका लागि परिचालित हुनेछन् ।

| जनशक्तिको प्रकार | जनशक्तिको प्रकार | कैफियत |
|---|---|---|
| **खोज तथा उद्धार** | | |
| **CADRE तालिम प्राप्त जनशक्ति** | ३६ | |
| **प्राथमिक उपचार** | | |
| **शव व्यवस्थापन सम्बन्धी विशिष्ट ज्ञान भएका व्यक्तिहरू** | नभएको | |
| **सवारी चालक (एम्बुलेन्स, शव बाहन, हेवी ईक्विमेन्ट चलाउन सक्ने) जनशक्ति,** | | |

जनशक्ति सम्बन्धी विवरण हेरफेर भईरहने हुँदा सबै विषयक्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्याङ्क नियमित रूपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विपद् व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।

## ४.३ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछ:

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समयतालिका |
|---|---|---|---|
| १ | विषयक्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखिकरण, तालिम र अभ्यासको व्यवस्था गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| २ | वडास्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण, तालिम प्रदान गर्ने। | विपद् व्यवस्थापन शाखा | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ३ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रूपमा सञ्चालन गर्न क्षमता विकास गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| ४ | विपद् प्रभावित स्थानमा रहेका विद्यालयहरू र स्थानीय स्वयंसेवकहरूलाई विपद् प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्न विषयक्षेत्रको क्षमता विकास गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |
| ५ | बन्दोबस्तीका सामान तथा औजारहरू व्यवस्थापनका लागि विषयक्षेत्रहरूको क्षमता विकास गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |

परिच्छेद-पाँच

# कार्यान्वयन अनुगमन तथा सिकाई योजना

## ५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति

१. यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, नियमावली २०७६ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐनमा प्रवन्ध भए बमोजिमका आवश्यक संस्थागत संरचना र नीतिगत प्रवन्ध गरिनेछ ।

२. नगरपालिकाको चालु आर्थिक वर्षको विपद् व्यवस्थापन शिर्षकको बजेटबाट प्राथमिकताका आधारमा पूर्वतयारी गतिविधिहरूको कार्यान्वयनको शुरूवात गरिनेछ । क्रमश: आगामी वर्षको वार्षिक कार्यक्रममा यस योजनाको कार्यान्वयनको लागि आवश्यक श्रोत व्यवस्थापन गरिनेछ ।

३. विकास साझेदार संस्थाहरू (द्धिपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरू र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस योजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

४. निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता विपद् पूर्वतयारी र प्रतिकार्यका लागि परिचालन गरिनेछ ।

५. नगरपालिकामा रहेका सामाजिक तथा सामुदायिक संस्थासँग भएको भौतिक, सामाजिक, आर्थिक तथा मानवीय श्रोतलाई यस योजनाको कार्यन्वयनको लागि एकीकृत रूपमा परिचालन गरिनेछ ।

६. यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीका गतिविधिहरूलाई नगरपालिकाले सञ्चालन गर्ने आवधिक योजना, विषयगत योजना तथा कार्यक्रमहरूसँग समायोजन तथा एकिकरण गरी कार्यान्वयन गरिनेछ ।

७. यस योजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कनको नगरपालिकाका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले गर्नेछ । उक्त अनुगमन समितिले अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ ।

८. नगरपालिकाको वेवसाइटमा विपद् पोर्टल तयार गरी विपद्बाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धी भएका गतिविधिहरू नियमित रूपमा अद्यावधिक गरिनेछ ।

९. स्थानीय विपद् व्यवस्थापन समितिले वर्षभरिको विपद्को अवस्था र गतिविधिलाई समेटेर गाउँ विपद् प्रतिवेदन सामान्य अवस्थामा वार्षिक रूपमा प्रकाशन गर्नेछ भने कुनै ठूलो विपद्को अवस्था आएमा आवश्यकता अनुसार प्रतिवेदनहरू प्रकाशित गरिनेछ ।

१०. यस योजनाको कार्यन्वयनबाट प्राप्त सिकाई तथा तत्कालीन आवश्यकताका आधारमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्दै लगिनेछ ।

## ५.२ अन्य निकायहरूसँगको समन्वय र सहकार्य

१. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि छिमेकी गाउँ तथा नगरपालिका, रेडक्रस सोसाइटी जिल्ला शाखा पञ्चपुरी, जिल्ला प्रशासन कार्यालय, मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग र सहकार्य गरिनेछ । विपद् परेको समयमा खोज उद्धार तथा आगलागीको नियन्त्रणमा दमकल, एम्बुलेन्स तथा जनशक्ति परिचालनमा सुरक्षा निकाय र छिमेकी स्थानीय तहसँग समन्वय गरिनेछ । अन्य किसिमका थप सहयोग आदानप्रदान गर्न कार्यपालिकाले अन्य स्थानीय तहहरुसँग आवश्यक समझदारी वा सम्झौता गर्नेछ ।

२. नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि प्रमुख रूपमा नगरपालिकाभित्र र बाह्य गरी दुई प्रकारको समन्वय गर्नु पर्दछ । नगरपालिकाभित्र पनि नगरपालिका मातहतका निकाय वा समितिबीच र अन्य सरकारी, गैरसरकारी, सामाजिक तथा निजी संस्थाहरूबीच समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । बाह्य समन्वयमा जिल्ला, प्रदेश र संघीय तहका सुरक्षा निकाय तथा सरकारी निकायहरूसँग र अन्य गैर सरकारी तथा सहयोगी निकाय तथा संस्थाहरूसँगको समन्वय गर्नु पर्दछ । जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य गैह्र सरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग विपद् सम्बन्धी सूचना आदानप्रदान गर्न आवश्यक समन्वय गरिनेछ ।

३. विषयगत क्षेत्रको अवधारणा अनुसार नगरपालिका भित्रका सम्पूर्ण विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित संस्था तथा निकायहरू सम्बन्धित विषयगत क्षेत्रको सदस्य रहन्छन र उक्त संस्था तथा निकायहरूसँगको समन्वय र सहकार्यको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको नेतृत्व गर्ने विषयगत समिति र यसका संयोजक तथा सम्बन्धित शाखाको हुनेछ ।

३. जिल्ला, प्रदेश तथा संघीय तहका निकायहरूसँगको समन्वय, सुरक्षा निकायहरूसँगको समन्वय तथा नगरपालिका बाहिरका सरकारी तथा गैर सरकारी संस्थाहरु र सहयोगी निकायहरूसँगको समन्वयको जिम्मेवारी नगरपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको को हुनेछ ।

४. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि सम्पूर्ण सरकारी, गैरसरकारी, सामाजिक तथा निजी क्षेत्रको स्रोत परिचालन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुरूप नगरपालिकाको प्राथमिकता अनुसार एकद्धार नीति बमोजिम हुनेछ । संस्थागत समन्वय र सहकार्यको ढाँचा देहाय बमोजिम हुनेछ ।

## ५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना

### *५.३.१ अनुगमन तथा मूल्याङ्कन समिति*

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको लागि नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरू रहेको एक अनुगमन समिति रहनेछ । सामान्य अवस्थामा यस अनुगमन समितिले पूर्वतयारी योजनाको कार्यान्वयनको वार्षिक रूपमा अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रतिवेदन बुझाउनेछ । कुनै खास विपद् एवम् स्वास्थ्य संकटको अवस्थामा नियमित रूपमा समष्टिगत र विषय क्षेत्रगत प्रतिकार्य र पूर्वतयारीको अनुगमन गरी सम्बन्धित विषयगत क्षेत्रलाई पृष्ठपोषण गर्नेछ । स्थानीय विपद् व्यवस्थापन समितिले अनुगमन तथा मूल्याङ्कन समितिका सदस्यहरुको मनोनयन गर्नेछ । यस अनुगमन तथा मूल्याङ्कन समितिको सदस्यमा मनोनयन गर्दा राष्ट्रिय राजनीतिक दलका गाउँ कार्य समितिका प्रमुख नै नगरपालिकाको पदाधिकारी रहेको खण्डमा अर्को व्यक्तिलाई प्रतिनिधिको रूपमा मनोनयन गर्नु पर्नेछ । यसैगरी वडाध्यक्षहरूमध्येबाट मनोनयन गर्दा कुनै पनि विषयगत क्षेत्रको संयोजक नरहेका वडाध्यक्षमध्येबाट मनोनयन गर्नु पर्नेछ ।

*तालिका ५.१: अनुगमन तथा मूल्याङ्कन समिति*

| क्र.सं. | भूमिका | संस्था | पद |
|---|---|---|---|
| १ | संयोजक | पञ्चपुरी नगरपालिका | उप प्रमुख |
| २ | सदस्य | पञ्चपुरी नगरपालिका | संयोजक - विधान समिति |
| ३ | सदस्य | पञ्चपुरी नगरपालिका | संयोजक - सुशासन समिति |
| ४ | सदस्य | पञ्चपुरी नगरपालिका | संयोजक - आर्थिक समिति |
| ५ | सदस्य | राष्ट्रिय राजनीतिक दलका गाउँ समिति | प्रमुखहरु |
| ६ | सदस्य | समितिले तोकेका तीन जना | वडाध्यक्षहरु |
| ७ | सदस्य सचिव | नगरपालिका | आन्तरिक लेखा प्रमुख |

## *५.३.२ लक्ष्य र सूचकहरु*

यस योजनामा नगरपालिकामा विपद्बाट प्रभावित हुने परिवार, मृत्यु हुने तथा घाईतेको सङ्ख्या एवम् आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिईएको छ । यस योजनाको अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि देहाय बमोजिमको लक्ष्य सूचकहरु निर्धारण गरिएको छ ।

| क्रसं | सूचकहरू | भए | नभएको |
|---|---|---|---|
| **१. सामान्य पूर्वतयारीको लागि** | | | |
| **पूर्वतयारीका सूचकहरू** | | | |
| १ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन भएको | | |
| २ | खोज उद्धार तथा राहत सामग्रीको भण्डारण मौज्दात रहेको | | |
| ३ | वडामा सामुदायिक प्रथम उद्धारकहरू तयार भएको | | |
| ४ | वडामा सामुदायिक विपद् तथा जलवायु सूचना केन्द्र स्थापना भएको | | |
| ५ | विपद् सम्बन्धी विवरण नगरपालिकाको वेभसाइटमा अपडेट गर्ने वेभ पोर्टल सञ्चालन भएको | | |
| ६ | प्रत्येक वडामा आपत्कालीन प्रयोजनका लागि हेलिप्याड निर्माण भएको | | |
| ७ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रूपमा अद्यावधिक भएको | | |
| **२. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार** | | | |
| **पूर्वतयारीका सूचकहरू** | | | |
| १ | खोज उद्धार तथा प्राथमिक उपचार सामग्रीको विवरण | | |
| २ | समन्वय बैठकको निर्णय पुस्तिका | | |
| ३ | वडा तहको खोज उद्धार कार्यदलहरूको विवरण | | |
| **प्रतिकार्यका सूचकहरू** | | | |
| १ | खोज उद्धार कार्यको विवरण | | |
| २ | खोज उद्धार टोलीको परिचालन | | |
| ३ | आकस्मिक बैठकको निर्णय पुष्तिका | | |
| **३. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र** | | | |
| **पूर्वतयारीका सूचकरू** | | | |
| १ | प्रत्येक वडामा तालिम प्राप्त प्राथमिक उपचारकको विवरण | | |
| २ | स्वास्थ्य संस्थामा राखिएको औषधिको बफर स्टकको अद्यावधिक विवरण | | |
| ३ | स्वास्थ्य संस्थाहरूको आपत्कालीन योजना | | |

| | | | |
|---|---|---|---|
| ४ | स्वास्थ्य संस्थाहरूको आपत्कालीन योजना | | |
| **प्रतिकार्यका सूचकहरू** | | | |
| १ | प्राथमिक उपचार सेवा प्राप्त गरेको जन सङ्ख्या | | |
| २ | पोषणयुक्त खानेकुरा उपलब्ध भएको जन सङ्ख्या | | |
| ३ | स्वास्थ्य क्षेत्रको पुनर्स्थापन तथा पुर्निर्माण योजना | | |
| ४ | प्रजनन स्वास्थ्य गर्भवती तथा सुत्केरीको संख्या | | |
| ५ | स्वास्थ्य सेवा लिने लैंगिक हिंसा प्रभावितको संख्या | | |
| **४. अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन** | | | |
| **पूर्वतयारीका सूचकरू** | | | |
| १ | कम्तिमा ५०० घर परिवारलाई पुग्ने न्यूनतम मापदण्ड अनुसारको आवश्यक गैर खाद्य सामग्रीहरूको भण्डारण गरिएको | | |
| २ | आपत्कालीन समयमा खाद्यान्न आपूर्तिको लागि सम्झौता भएको | | |
| ३ | प्रत्येक वडामा अस्थायी आश्रयस्थलको लागि ठाउँको पहिचान भएको | | |
| ४ | अस्थायी आश्रयस्थलको लागि भवन निर्माण भएको वा आश्रयस्थल निर्माणका समग्रीहरूको बन्दोबस्त भएको | | |
| ५ | आपत्कालीन प्रयोजनका लागि यातायात संचार तथा बन्दोबस्तीका सामाग्रीहरूको व्यवस्था भएको | | |
| **प्रतिकार्यका सूचकहरू** | | | |
| १ | विपदबाट विस्थापित परिवारलाई अस्थायी आश्रयस्थल उपलब्ध गराएको विवरण | | |
| २ | प्रभावित परिवारलाई खाद्य तथा गैर खाद्य सामग्री उपलब्ध गराएको विवरण | | |
| ३ | प्रभावित परिवारलाई राहत सामग्री उपलब्ध गराएको विवरण | | |
| ४ | नगद सहायता प्राप्त गरेका परिवारको विवरण | | |
| **६. खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्धन** | | | |
| **पूर्वतयारीका सूचकरू** | | | |
| १ | आपत्कालीन सरसफाइ र स्वच्छता सम्बन्धी सामग्रीहरूको भण्डारण गरिएको | | |
| २ | पहिचान गरिएका आपत्कालीन आश्रयस्थलमा खानेपानी आपूर्तिको श्रोत र माध्यम तयार गरिएको | | |
| ३ | सरसफाइ र स्वच्छता सम्बन्धी सूचना तथा सञ्चार सामग्रीहरू तयार भई प्रसारण गरिएको | | |
| **प्रतिकार्यका सूचकहरू** | | | |
| १ | मापदण्ड अनुसार खानेपानी उपलब्ध भएको परिवार | | |
| २ | प्रभावित समुदाय तथा आश्रयस्थलमा मापदण्ड अनुसारको सरसफाइको प्रवन्ध | | |
| **६. संरक्षण तथा शिक्षा विषयगत क्षेत्र** | | | |
| **पूर्वतयारीका सूचकरू** | | | |
| १ | शिक्षा क्षेत्रको सिकाई निरन्तरता योजना तयार भएको | | |
| २ | विद्यालय सुरक्षा सम्बन्धी व्यवस्थापन समिति र प्रअलाई अभिमुखीकरण गरिएको | | |
| ३ | सबै विद्यालयमा विद्यालय विपद् व्यवस्थापन समिति र कार्यदल गठन भएको | | |
| ४ | विद्यालय र नगरपालिकामा नियमित कृतिम घटना तथा सिमुलेसन अभ्यास भएको | | |
| **प्रतिकार्यका सूचकहरू** | | | |
| १ | अस्थायी सिकाइ केन्द्रहरूको विवरण | | |
| २ | वैकल्पिक सिकाइ सञ्चालन भएको विवरण | | |
| ३ | शिक्षा क्षेत्रको पुनर्निर्माण योजना | | |
| **७. विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन** | | | |
| **पूर्वतयारीका सूचकरू** | | | |

| | | | |
|---|---|---|---|
| १ | नगरपालिकामा विपद् लेखाजोखा टोली तयार भएको | | |
| २ | क्षेत्रगत लेखाजोखा फारम तयार भएको | | |
| ३ | विपद् लेखाजोखा टोलीलाई विपद् लेखाजोखा सम्बन्धी तालिम दिइएको | | |
| ४ | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रको विपद् सूचना संकलन व्यवस्थापन र प्रसारण प्रक्रिया तय भएको | | |
| **प्रतिकार्यका सूचकहरू** | | | |
| १ | द्रुत लेखाजोखा प्रतिवेदन (कुनै विपद् विशेष) | | |
| २ | क्षेत्रगत विस्तृत लेखाजोखा प्रतिवेदन (कुनै विपद् विशेष) | | |
| ३ | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा विपद् सम्बन्धी विवरण अद्यावधिक भएको | | |
| **८. पुनर्स्थापन तथा पुनर्निर्माण** | | | |
| **पूर्वतयारीका सूचकरू** | | | |
| १ | पहिचान गरिएका आश्रयस्थलमा सडक खानेपानी सरसफाइ पूर्वाधार तयार भएको | | |
| २ | प्रत्येक वडामा आपत्कालीन प्रयोजनको लागि हेलिप्याड निर्माण भएको | | |
| ३ | पूर्वाधारहरू विपद् जोखिमबाट सुरक्षित बनाइएको | | |
| **प्रतिकार्यका सूचकहरू** | | | |
| १ | विपदबाट क्षति भएका पूर्वाधारको मर्मत भएको | | |
| २ | जीविकोपार्जन सहायता प्राप्त गरेका परिवारको विवरण | | |
| ३ | क्षेत्रगत पुनर्स्थापन तथा पुनर्निर्माण योजना | | |
| ४ | पुनर्निर्माण कार्यको प्रगति विवरण | | |

### *५.३.३ अनुगमन, मूल्यांकन र परिमार्जन*

यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने कार्य अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ । उक्त समितिले माथि उल्लिखित सूचकहरुको आधारमा नियमित रूपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नेछ । यस्तो प्रतिवेदनमा औंल्याईएका सुधार गर्नुपर्ने विषयलाई सम्बन्धित विषयक्षेत्रले सुधार गरी कार्यान्वयन गर्नु पर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ । यस योजनाको पूनरावलोकन तथा पृष्ठपोषण सङ्कलन तलको तालिका बमोजिम हुनेछ ।

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयनको समिक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रूपमा समिक्षा बैठक गर्ने | कार्तिक महिना |
| | | | माघमहिना |
| | | | बैशाख महिना |
| | | | श्रावण महिना (आगामी आ.व. को) |
| योजनाको पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषयक्षेत्र अनुसारका क्रियाकलापहरुको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक चैत्र मसान्त |

**सन्दर्भ सामग्रीहरुः**


नेपाल सरकार, गृह मन्त्रालय (२०७६), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, कानून सेवा आयोग (२०७५), जनस्वास्थ्य सेवा ऐन, २०७५ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०७५: नेपाल सरकार, कानून सेवा आयोग, काठमाण्डौ ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७३), गोरखा भूकम्प-२०७२ अनुभव र सिकाई: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७६), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन २०७५): नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, गृह मन्त्रालय (२०६७), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (प्रथम संशोधन २०७६): नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४), स्थानीय सरकार संचालन ऐन २०७४: नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७१), विपद् व्यवस्थापन दिग्दर्शन: नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७५), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (नमूना): नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाण्डौ ।

पञ्चपुरी नगरपालिका बस्तुगत विवरण, २०७५

# अनुसूचीहरू

## अनुसूची-१

## स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण

| क्र.सं. | नाम | पद | आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | लालबीर भण्डारी | संयोजक | नगर प्रमुख -पञ्चपुरी नगरपालिका | ९८५८०५८१८०, ९८५८०८५१९९ |
| २ | मुक्तिदेवी रेग्मी पुरी | सदस्य | नगर उप-प्रमुख | ९८६०६१०४३८, ९८५८०५८१८१ |
| ३ | गोकर्णनाथ योगी | सदस्य | प्र.प्र. अधिकृत | ९८५८०४४७८९, ९८४४८७६३०० |
| ४ | खिम बहादुर बयक ( क्षेत्री) | सदस्य | पञ्चपुरी नगरपालिका | ९८४४८१९००० |
| ५ | याम बहादुर बिसी | सदस्य | पञ्चपुरी नगरपालिका | ९८५८०५५०५६ |
| ६ | बल बहादुर रोकाया | सदस्य | पञ्चपुरी नगरपालिका | ९८६९८३०७५४ |
| ७ | हरि प्रसाद ढकाल | सदस्य | पञ्चपुरी नगरपालिका | ९८५८०२१३१७ |
| ८ | दिपक कुमार थापा | सदस्य | पञ्चपुरी नगरपालिका | ९८५८०५८१९८ |
| ९ | नगेन्द्र बहादुर शाही | सदस्य | पञ्चपुरी नगरपालिका | ९८६५०८२५८४ |
| १० | पूर्ण प्रसाद घिमिरे | सदस्य | पञ्चपुरी नगरपालिका | ९८४४८१०८१८ |
| ११ | विश्वशेर रावल | सदस्य | उद्योग बाणिज्य संघ | ९८६८११९७०६ |
| १२ | हिरामणि पौडेल | सदस्य | नेपाल रेड क्रस सोसाइटी | ९८५८०५०३०१ |
| १३ | टेक बहादुर देउवा | सदस्य | इलाका प्रशासन कार्यालय | ९८५८०५११०० |
| १४ | गंगादेवी पुरी | सदस्य | स्वास्थ्य शाखा संयोजक | ९८४८२८०३३८ |
| १५ | नरेन्द्र भण्डारी | सदस्य | ईन्जिनियर | ९८४४८७३५४० |
| १६ | अम्मर कार्की | सदस्य | स्थानिय पत्रकार | ९८६३१६२४८८ |
| १७ | गणेश प्रसाद अधिकारी | सदस्य सचिव | विपद् व्यवस्थापन शाखा प्रमुख | ९८५८०५८२०२ |

## अनुसूची-२

## निर्वाचित जनप्रतिनिधिको सम्पर्क

| क्र.सं. | नाम | आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | लालबीर भण्डारी | नगर प्रमुख | ९८५८०५८१८० |
| २. | मुक्तिदेवी रेग्मी | नगर उप प्रमुख | ९८५८०५८१८१ |
| ३. | कर्ण बहादुर थापा मगर | १ नं. वडा अध्यक्ष | ९८४८१२२७७३ |
| ४. | यम बहादुर बिसी | २ नं. वडा अध्यक्ष | ९८५८०५५०५६ |
| ५. | बल बहादुर रोकाया | ३ नं.वडा अध्यक्ष | ९८६९८३०७५४ |
| ६. | राम प्रसाद अधिकारी | ४ नं.वडा अध्यक्ष | ९८६८९३६७४४ |
| ७. | नगेन्द्र बहादुर शाही | ५ नं.वडा अध्यक्ष | ९८६५०८२५८४ |
| ८. | नर बहादुर सिजापति | ६ नं.वडा अध्यक्ष | ९८४८०९५५४० |
| ९. | खिम बहादुर बयक क्षेत्री | ७ नं.वडा अध्यक्ष | ९८४४८१९००० |
| १०. | दिपक कुमार थापा | ८ नं.वडा अध्यक्ष | ९८५८०५८१९८ |
| ११. | पूर्ण प्रसाद घिमिरे | ९ नं.वडा अध्यक्ष | ९८४४८१०८१८ |
| १२. | हरि प्रसाद ढकाल | १० नं.वडा अध्यक्ष | ९८५८०२१३१७ |
| १३. | धन बहादुर माझी | ११ नं.वडा अध्यक्ष | ९८६१६१९५९४ |

## अनुसूची-३

## विषयगत क्षेत्रको विवरण

### १. समन्वय, सूचना एवं खोज तथा उद्धार विषयगत क्षेत्र

| क्रसं | भूमिका | संस्था | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | संयोजक | पञ्चपुरी नगरपालिका | मेयर | लालवीर भण्डारी | ९८५८०५८१८०<br>९८५८०८५१९९ |
| २. | सदस्य सचिव | पञ्चपुरी नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | गोकर्णनाथ योगी | ९८५८०४४७८९<br>९८४४८७६३०० |
| ३. | सदस्य | इलाका प्रहरी कार्यालय | प्र.नि. | टेक बहादुर देउवा | ९८५८०५११०० |
| ४. | सदस्य | नेरेसो उपशाखा | सचिब | हिरामणि पौडेल | ९८५८०५०३०१ |
| ५. | सदस्य | पञ्चपुरी नगरपालिका | विपद् फोकल पर्सन | अर्जुन पौडेल | ९८४८२४१६०३ |

### २. खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्र

| क्रसं | भूमिका | संस्था | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | संयोजक | पञ्चपुरी नगरपालिका | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | हरि प्रसाद ढकाल | ९८५८०२१३१७ |
| २. | सदस्य सचिव | पञ्चपुरी नगरपालिका | कृषि शाखा | दिपेन्द्र न्यौपाने | ९८४८११६३६७ |
| ३. | सदस्य | पञ्चपुरी नगरपालिका | पशु पन्छी शाखा | लक्ष्मी चौलागाईं | ९८६३९१२१७४ |
| ४. | सदस्य | उद्योग बाणिज्य संघ | अध्यक्ष | विश्वशेर रावल | ९८६८११९७०६ |
| ५. | सदस्य | नेरेसो उपशाखा | सचिब | हिरामणि पौडेल | ९८५८०५०३०१ |

## ३. स्वास्थ्य, खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्धन विषयगत क्षेत्र

| क्रसं | भूमिका | संस्था | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | संयोजक | पञ्चपुरी नगरपालिका | सामाजिक विकास समिति संयोजक | याम बहादुर वि.सी | ९८५८०५५०५६ |
| २. | सदस्य सचिव | पञ्चपुरी नगरपालिका | स्वास्थ्य शाखा संयोजक | गंगादेव पुरी | ९८४८२८०३३८ |
| ३. | सदस्य | स्वास्थ्य चौकी | प्रमुख | शिद्धराज रेग्मी | ९८४८०००९३३ |
| ४. | सदस्य | खानेपानी सरसफाइ समिति प्रतिनिधि | अध्यक्ष- सालकोट बृहत खा.पा. | डिल्लीराम न्युरे | ९८४८००४८४५ |
| ५. | सदस्य | INF | टिम लिडर | उदय बहादुर हमाल | ९८४८०३९५२७ |

## ४. अस्थायी आश्रयस्थल, गैर खाद्य सामग्री तथा बन्दोवस्ती विषयगत क्षेत्र

| क्रसं | भूमिका | संस्था | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | संयोजक | पञ्चपुरी नगरपालिका | पूर्वाधार विकास समिति संयोजक | बल बहादुर रोकाय | ९८६९८३०७५४ |
| २. | सदस्य सचिव | पञ्चपुरी नगरपालिका | सहरी योजना तथा पूर्वाधार विकास शाखा | नरेन्द्र भण्डारी | ९८४४८७३५४० |
| ३. | सदस्य | नेरेसो उपशाखा | सभापती | हिरामणि पौडेल | ९८५८०५०३०१ |
| ४. | सदस्य | उद्योग बाणिज्य संघ | अध्यक्ष | विश्वशेर रावल | ९८६८११९७०६ |
| ५. | सदस्य | यातायात व्यवसायी प्रतिनिधि | संयोजक-सयुंक्त यातायात प्रालि | प्रेम बहादुर बिसी | ९८४८२९०९०९ |

## ५. आपतकालीन शिक्षा विषयगत क्षेत्र

| क्रसं | भूमिका | संस्था | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | संयोजक | पञ्चपुरी नगरपालिका | सामाजिक विकास समिति संयोजक | याम बहादुर वि.सी | ९८५८०५५०५६ |
| २. | सदस्य सचिव | पञ्चपुरी नगरपालिका | शिक्षा शाखा प्रमुख | तुल्सी पुरी वन | ९८६८०१०८७५ |
| ३. | सदस्य | SAC Nepal | फिल्ड अफिसर | बिष्णु खत्री | ९८४८१५३३५५ |

## ६. आपतकालीन संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र

| क्रसं | भूमिका | संस्था | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | संयोजक | पञ्चपुरी नगरपालिका | सामाजिक विकास समिति संयोजक | याम बहादुर वि.सी | ९८५८०५५०५६ |
| २. | सदस्य सचिव | पञ्चपुरी नगरपालिका | महिला विकास शाखा | पवित्रा गौतम | ९८६८६७८३२१ |
| ३. | सदस्य | इलाका प्रहरी कार्यालय | प्र. नि | टेक बहादुर देउवा | ९८५८०५११०० |
| ४. | सदस्य | SAC Nepal | फिल्ड अफिसर | बिष्णु खत्री | ९८४८१५३३५५ |
| ५. | सदस्य | इन्सेक | फिल्ड सहजकर्ता | ललिता बि.क. | ९८६४७२४८९४ |
| ६. | सदस्य | अपाङ्ग संजाल | | राजकुमार कंडेल | ९८४८३९६९३९ |

## ७. शीघ्र पुनर्लाभ विषयगत क्षेत्र

| क्रसं | भूमिका | संस्था | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | संयोजक | पञ्चपुरी नगरपालिका | पूर्वाधार विकास समिति संयोजक | बल बहादुर रोकाय | ९८६९८३०७५४ |
| २. | सदस्य सचिव | पञ्चपुरी नगरपालिका | सहरी योजना तथा पूर्वाधार विकास शाखा | नरेन्द्र भण्डारी | ९८४४८७३५४० |
| ३. | सदस्य | नेरेसो उपशाखा | सभापति | हिरामणि पौडेल | ९८५८०५०३०१ |
| ४. | सदस्य | सुन्दर नेपाल संस्था | विपद् जोखिम न्यूनीकरण अधिकृत | गगन खड्का | ९८५८०३३९६१ |

## अनुसूची-४

## सामुदायिक विपद् व्यवस्थापन समितिमा रहेका खोज उद्दार सामग्री विवरण

| क्र.स. | सामग्रीको विवरण | हाल रहेको संख्या |
|---|---|---|
| १ | हेड टर्च | प्रतिसमुदाय १ वटा |
| २ | ह्याण्ड माईक मध्यम साईज | प्रतिसमुदाय १ वटा |
| ३ | नाईलन डोरी(९मि.मि) | प्रतिसमुदाय १ वटा |
| ४ | पिभिसी तार्पोलिन (१२×१८) | प्रतिसमुदाय १ वटा |
| ५ | हेल्मेट प्लाष्टीक (Industrial grade plastic) | प्रतिसमुदाय ५ वटा |
| ६ | स्टेचर(फोल्डीङ) लोकल मेड मेटल | प्रतिसमुदाय २ वटा |
| ७ | सिठ्ठी (प्लाष्टिक) | प्रतिसमुदाय १ वटा |
| ८ | वेल्चा | प्रतिसमुदाय १ वटा |
| ९ | वाल्टी(२० लि) | प्रतिसमुदाय २ वटा |
| १० | फरुवा (tempered steel, with handle) | प्रतिसमुदाय १ वटा |
| ११ | गल÷सावेल (with PVC handle) ३० केजी | प्रतिसमुदाय १ वटा |
| १२ | प्राथमिक उपचार वाकस (standard first aid kit) | प्रतिसमुदाय २ वटा |
| १३ | लाइफ ज्याकेट नेपाल मेड | प्रतिसमुदाय ६ वटा |
| १४ | रेन कोट | प्रतिसमुदाय ५ वटा |
| १५ | ह्याण्ड ग्लोव्स | प्रतिसमुदाय १ सेट |
| १६ | ह्यामर २ केजी | प्रतिसमुदाय १ वटा |
| १७ | साइरन | प्रतिसमुदाय १ वटा |
| १८ | कृतिम गन | प्रतिसमुदाय १ वटा |
| १९ | घण्टी दुइ केजी | प्रतिसमुदाय ६ वटा |
| २० | प्लाष्टिक म्याटरेस (चटाइ) | प्रतिसमुदाय ५ वटा |
| २१ | फायर बलाङ्केट | प्रतिसमुदाय ३ वटा |



LDMC बैठकमा DPRP को वारेमा बैठक



डोरीमा प्रयोग गरिने छ प्रकारका गाँठोका वारेमा जानकारी दिँदै



सहभागिहरुलाई भारोत्तोलन र स्थिरिकरण अभ्यास गर्दै



भत्किएको संरचनामा फसेका व्यक्तिहरुकोलागि हेलिङ खोजी अभ्यास गर्दै

USAID
अमेरिकी जनताबाट

MERCY CORPS

# पूर्व सुचना प्रणालीको प्रयोग गरौं ।
# सावधानी अपनाऔं ।
# विपद्बाट हुने क्षति न्युनीकरण गरौं ।




विपद्को घटनाका कारणले नेपालमा वर्षेनी ठुलो जनधनको क्षति हुने गर्दछ । त्यसैले मौषम, बाढी र पहिरोसँग सम्बन्धित पूर्व सूचनाको प्रयोग गरी विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण गरौं ।




बाढी पूर्वानुमान र पूर्वसुचनाको लागी जल तथा मौसम विज्ञान विभाग बाढी पूर्वानुमान महाशाखाको टोल फ्रि नम्बर **११५५** डायल गरौं।




कर्णाली र सुदुरपश्चिम प्रदेशको मौसम सम्बन्धि जानकारीको लागी जल तथा मौसम विज्ञान कार्यालय कोहलपुरको नोटीस बोर्ड सेवा **१६१८०८३५२३५१९** डायल गरौं।

दैनिक आगामी ३ दिनको मौसम पूर्वानुमानको लागी **www.mfd.gov.np** र ३ दिनको बाढी पूर्वानुमानको लागी **www.hydrology.gov.np** सामाजिक संजाल ट्विटर र फेसबुक पेजमा **Nepal Flood Alert** लाई फलो गर्नुहोला।

"अस्विकरणः यो सन्देश अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसएड) मार्फत अमेरिकी नागरिकहरुको सहयोगबाट उत्पादन सम्भव भएको हो। यसमा समावेश भएका सम्पूर्ण विषयबस्तुहरु प्रति (मर्सीकोर नेपाल Mercy Corps Nepal), भकारी (BHAKARI) कार्यक्रम जवाफदेही हुनेछ र यसमा युएसएड र अमेरिकी सरकारको कुनै दृष्टीकोण रहेको मानिने छैन।"

BHAKARI

सुन्दर नेपाल संस्था B N A Beautiful Nepal Association Birendranagar-8, Surkhet, Nepal